वर्ष : १७, अंक : १०, काठमाडौं, २०७८ असार ४ गते शुक्रबार, 18 June 2021, Friday पृष्ठ : ८, मूल्य रु : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## मन्त्रिपरिषद् समावेशी बनाऊ : प्रदेश २ प्रमुख



जनकपुरधाम । प्रदेश २ का प्रदेश प्रमुख राजेश झा अहिराजले प्रदेशको मन्त्रिपरिषद पुनर्गठनबारे चासो राखेका छन् । उनले मन्त्रिपरिषद गठन समावेशी नभएको उल्लेख गर्दै संविधानअनुसार समावेशी गर्न मुख्यमन्त्रीलाई पत्राचार गर्दै स्मरण गराएका हुन् । मुख्यमन्त्री लालबाबु राउतले हालै नेपाली कांग्रेसका तीन जनालाई समेटेर मन्त्रिपरिषद पुनर्गठन गरेका थिए । जेठ २८ मा प्रदेश प्रमुख अहिराजले मुख्यमन्त्रीलाई लेखेको पत्रमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका निकायमा सहभागिताको हक हुने कुरा उल्लेख छ । 'प्रदेश सभा समानुपातिक समावेशी रहेकोमा उक्त सभाका सदस्यबाट मन्त्रिपरिषदको सदस्य नियुक्त गर्दा उक्त समानुपातिक समावेशी स्वरूप प्रतिबिम्वित हुनुपर्छ भन्ने तथ्य निर्बिवाद रूपमा स्थापित छ,' प्रदेश प्रमुख अहिराजले लेखेको पत्रमा उल्लेख छ । प्रदेश २ मा पहाडी मुलका नागरिक पनि उल्लेख्य मात्रामा बसोबास गरेकोमा उल्लेखित जाति, समुदाय र वर्गको अनुहार प्रतिबिम्वित हुनुपर्ने उनको भनाइ छ । मन्त्रिपरिषद गठनमा समावेशी सिद्धान्तको अवलम्बन गर्नुपर्ने पनि प्रदेश प्रमुख अहिराजले बताएका छन् । 'प्रदेश भित्रका महिला, दलित, आदिवासी, जनजाति, गैरमधेशीलगायका पक्षलाई समानुपातिक समावेशी उपस्थितितर्फ विशेष पहल गर्न स्मरण गराइन्छ,' उनले भनेका छन् ।

मुख्यमन्त्रीलाई स्मरणपत्र पृष्ठ ५ मा

# प्रदेश २ मा ३३ अर्ब ७९ करोडको बजेट

## बजेटमा अर्थशास्त्रभन्दा राजनीतिक अर्थशास्त्र हाबी

**मधेशवाणी डेस्क**

काठमाडौं । प्रदेश २ सरकारले आर्थिक वर्ष २०७८/०७९ का लागि ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार रुपैयाँको बजेट ल्याएको छ ।

प्रदेश सरकारका आर्थिक मामिला तथा योजना मन्त्री विजयकुमार यादवले चालु आर्थिक वर्षभन्दा २३ करोड ४ लाख ४१ हजार बढीको बजेट प्रदेश सभामा प्रस्तुत गरेका हुन् । चालु आर्थिक वर्षका लागि प्रदेश सरकारले ३३ अर्ब ५६ करोड ९ लाख ८९ हजारको बजेट ल्याएको थियो ।

प्रदेश सरकारले निर्वाचन क्षेत्र विकास कार्यक्रम अन्तर्गत २ अर्ब ३५ करोड रकम विनियोजन गरेको छ । स्थानीय तहहरुको वित्तीय हस्तान्तरणका लागि ३ अर्ब १६ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको छ ।

कोरोनाका कारण स्वास्थ्य क्षेत्रमा परेको प्रतिकूल असरलाई ध्यानमा राख्दै प्रदेश सरकारले बजेटमा स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकताका साथ समावेश गरेको छ ।

यसका साथै कोरोना महामारीका कारण अर्थतन्त्र खस्केको, बेरोजगारी दर बढेकोले यसपालीको बजेटमा स्वास्थ्य, कृषि, शिक्षा, रोजगारी सिर्जना तथा पर्यटनलाई विशेष प्राथमिकता दिइएको छ । यसका साथै आगामी बजेटमा केही पुरानै कार्यक्रमहरुलाई समेत विशेष प्राथमिताका साथ समावेश गरिएको छ ।




बजेटको पूर्णपाठ पृष्ठ ४ मा

आगामी आर्थिक वर्षको बजेटमा कोरोना महामारीको पहिचान, रोकथाम तथा उपचारका लागि आवश्यक स्वास्थ्य सामाग्रीहरु अक्सिजन सिलिण्डर, रेम्डिसिभिर, औषधी लगायत खरिद गर्नका लागि २० करोड बजेट विनियोजन गरिएको छ ।

प्रदेशमा मिर्गौलाका बिरामीको चापलाई ध्यानमा राख्दै प्रत्येक जिल्लामा उपलब्ध गराउनका लागि ३५ वटा डायलसिस मेशिन खरिद गर्नका लागि १२ करोड रकम विनियोजन गरिएको छ ।

प्रदेश सरकारले जनकपुरधामको मुजेलियास्थित निर्माण गरिरहेको मणिपाल कोभिड अस्पताल तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पठनपाठन शुरुवात गर्नका लागि भौतिक संरचना निर्माण गर्न १० करोड बजेट विनियोजन गरिएको हो । कम पर्न जाने रकम आन्तरिक ऋणबाट व्यवस्था गरिने बजेटमा उल्लेख छ ।

प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा कम्तिमा ५ किलोमिटर कालोपत्रे सडक निर्माणका लागि ६७ करोड २० लाख, महेन्द्रनारायण निधि आवास कार्यक्रम शुरुवात गर्नका लागि ८ करोड, मझौला सिंचाई कार्यक्रमका लागि ४१ करोड, बाढीको प्रकोप कम गर्न नदी नियन्त्रण कार्यक्रमका लागि ३० करोड, वडादेखि पालिकाको सदरमुकामसम्मको सडक निर्माणका लागि ६८ करोड विनियोजन गरिएको छ ।

प्रदेश सरकारले प्रदेशको शैक्षिक स्तर उकास्नका लागि प्रत्येक जिल्लामा कम्तीमा एउटा नमुना सामुदायिक विद्यालयको विकास तथा विद्यालयहरुको भौतिक संरचना सुधार गर्नका लागि २४ करोड रुपैयाँ विनियोजन गरेको हो । विद्यार्थीहरुको शारीरिक तथा मानसिक विकास गर्ने उद्देश्यले प्रत्येक जिल्लामा खेल मैदानको निर्माणका ललागि बजेट छुट्याइएको छ । यस कार्यक्रमका लागि ८ करोड रकम विनियोजन गरिएको छ ।

आदिवासी, दलित, जनजाती, मधेश आन्दोलनमा शहिद भएको परिवारको छात्रवृतिका लागि २ करोड रुपैयाँ विनियोजन गरिएको छ । एक विद्यालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिँदै सो कार्यक्रमका लागि १ करोड ५० लाख रुपैयाँ विनियोजन गरिएको हो ।

रामराजा सिंह, गजेन्द्र नारायण सिंहको शालिक निर्माणका लागि ४ करोड, शहीद दुर्गानन्द झाको शालिक निर्माणका लागि २ करोड रकम विनियोजन गरिएको हो ।

त्यस्तै प्रदेश सरकारको महत्वाकांक्षी योजना 'बेटी पढाऊ बेटी बचाऊ' कार्यक्रमका लागि २०

*बाँकी अन्तिम पृष्ठमा*

**बजेट विनियोजन**

चालु - १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार ४६.२६ %
पूाजिगत - १८ अर्ब ५ करोड ८० लाख ८३ हजार ५३.४ %
वित्तीय व्यवस्था - १० करोड ०.३ %

**बजेटको श्रोत**

राजश्व - ३ अर्ब ४ करोड ९१ लाख ३० हजार
नेपाल सरकारबाट - १३ अर्ब ९० करोड ३४ लाख (अनुदान)
राजश्व बाँडफाँट - ९ अर्ब ५८ करोड ८९ लाख
चालु आर्थिक वर्षका मौज्दात -६ अर्ब ३५ करोड
आन्तरिक ऋण - १ अर्ब

## जसपाको केन्द्रीय कार्यकारिणी समितिमा छुटाउनै नहुनेहरु उपेक्षित

काठमाडौं । जनता समाजवादी पार्टी नेपालभित्र विवाद चरम अवस्थामा रहेको बेला अध्यक्ष महन्थ ठाकुरले केन्द्रीय कार्यकारिणी समिति विस्तार गरेका छन् । अध्यक्ष ठाकुरले कार्यकारिणी समितिमा १६ जना नयाँ सदस्य थप गरेका छन् । अध्यक्ष ठाकुरले थप गरेका सदस्यहरुप्रति अर्का अध्यक्ष उपेन्द्र यादव समूह पनि असन्तुष्ट छन् भने ठाकुरकै पक्षका प्रभावशाली नेताहरु असन्तुष्टि व्यक्त गरेका छन् । पार्टी एकता अहिले गम्भीर संकट मोडमा रहेको बेला जनस्तरमा बलियो पडक बनाएका कतिपय प्रभावशाली नेताहरु अध्यक्ष ठाकुरको प्राथमिकता नपर्नु दुःखद रहेको एक नेताले बताएका छन् । जसपाको पहिलो चरणमै केन्द्रीय कार्यकारिणी समिति निर्माण हुँदा छुटाउनै नहुने केही पात्रहरुसँग पुनः अन्याय भएको कतिपय नेताहरु बताउँछन् ।

पार्टी नेतृत्वपंक्तिबाट उपेक्षामा परेका नेताहरुमध्ये किसानहरुको नेताको रुपमा छवि बनाएका युवा नेता हुन् राकेश मिश्र । उनी प्रतिनिधिसभाको निर्वाचनमा सर्लाही ४ बाट २८ हजारभन्दा बढी मत ल्याएका थिए । जनस्तरमा बलियो पडक बनाएका यस्ता प्रभावशाली नेताहरुमाथि अन्याय नै भएको बुझिन्छ । यसैगरी, हाल राष्ट्रियसभा सदस्यसमेत रहेका शेखर सिंह पनि प्रभावशाली नेता हुन् । उनलाई पनि पार्टीले उचित स्थान दिन सकेन । यस्तै, नेपाल सरकारको जागिर छोडेर मधेशको राजनीतिमा लागेका नेता हुन् विनोद कुमार सिंह । उनी नेपाल मधेशी निजामती कर्मचारी मञ्चको लामो समयसम्म नेतृत्व गरिसकेका छन् । तत्कालीन राजपाको कार्यालयका निम्ति कर्मचारी मञ्चको कार्यालयलाई प्रयोग गर्न दिएका थिए । अहिले पनि बबरमहलस्थित जसपाको कार्यालय उनकै कारण पाएको छ । यस्तै, अर्को प्रभावशाली नेता हुन् संजय कुमार यादव । यादव मधेश आन्दोलनबाट उभ्रिएका युवा नेता हुन् । यसैगरी, विस्तार गरिएको कार्यकारिणी समितिमा महिलाबाट एक जना पनि पर्न सकेनन् ।

## उपेन्द्र-बाबुरामद्वारा मन्त्री भएका नौ जना नेता निष्काशित

काठमाडौं । जनता समाजवादी पार्टी नेपाल उपेन्द्र यादव र डा.बाबुराम भट्टराई समूहले प्रधानमन्त्री केपी शर्मा ओली सरकारमा मन्त्री भएका नौ जनालाई पार्टीबाट निष्काशन गरेको छ ।

बिहीबार उपेन्द्र-बाबुराम समूहको केन्द्रीय कार्यकारिणी समिति बैठकले यस्तो निर्णय गरेको हो । तर, सो बैठक अवैधानिक भएको भन्दै पहिलो वरियताका अध्यक्ष महन्थ ठाकुर सहभागी नहुन आग्रह गरेका थिए ।

यसैगरी, उपेन्द्र-बाबुरामले पार्टी आधिकारिकताका लागि निर्वाचन आयोगमा पुनः निवेदन दिने निर्णयसमेत गरेका छन् ।

यस्तै, सो बैठकले लुम्बिनी प्रदेशका चार सांसदलाई फेरि स्पष्टीकरण सोध्ने निर्णय गरेको छ । साथै, चुरे दोहन गर्न नहुने बैठकले निष्कर्ष निकालेको छ। त्यस्तै, बाढी पहिरोको उद्धारका लागि खट्न नेता कार्यकर्तालाई निर्देशन दिएको जनाइएको छ ।

६. बाढ़ी पहिरो पीड़ितलाई उद्धार र राहतका लागि सरकारसँग आग्रह गरेको छ ।

### अवैधानिक बैठकको निर्णय मान्य हुँदैन : अध्यक्ष ठाकुर

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका दोस्रो वरियताका अध्यक्ष उपेन्द्र यादवले बोलाएको केन्द्रीय कार्यकारिणी समितिको बैठकमा सहभागी नहुन प्रथम वरियताका अध्यक्ष महन्थ ठाकुरले आग्रह गरेका छन् । अध्यक्ष ठाकुरले बुधबार एक विज्ञप्ति जारी गरी यस्तो आग्रह गरेका हुन् । अध्यक्ष यादवले बिहीबार केन्द्रीय कार्यकारिणी समितिको बैठकको आह्वान गरेका थिए ।

ठाकुरले जसपाको नाममा असार ३ गते बोलाइएको केन्द्रीय कार्यकारिणी समितिको बैठक अवैधानिक र अनाधिकृत रहेको बताएका छन् । 'त्यस बैठकबाट हुने सबै निर्णयहरु हाम्रो लागि अमान्य हुनेछ,' ठाकुरले विज्ञप्तिमा भनेका छन्, 'तसर्थ त्यस प्रकारको कुनै अधिकृत बैठक नरहेकोले सम्बन्धित सदस्य तथा पदाधिकरीहरुलाई त्यस्तो बैठकमा सहभागिता नजनाउन आग्रह गर्दछु ।'

## सेनाले दियो क्लोथ बैंकलाई स्वास्थ्य सामग्री



जनकपुरधाम । नेपाली सेनाले क्लोथ बैंक नेपाल धनुषालाई कोभिड-१९ विरुद्धको स्वास्थ्य सामग्रीहरु सहयोग गरेको छ । प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराजको विशेष उपस्थितीमा स्वास्थ्य सामग्रीहरु प्रदान गरिएको छ । नेपाली सेनाले मण्डी २ सय थान, झुल २ सय थान, मास्क २ सय प्याकेट, सेनिटाइजर २ सय लिटर, डिटल साबुन ५ सय पिस र अक्सिमिटर ५० थान उपलब्ध गराएको छ । सो कार्यक्रममा धनुषा जिल्लाका प्रमुख जिल्ला अधिकारी बन्दु प्रसाद बास्तोला, नेपाली सेनाका समारोह श्रब्यदृश्य महाशाखाका प्रा.म.सेनानी ईश्वर कुमार श्रेष्ठ, सेनाका महेन्द्रनगरस्थित श्रीनाथ गणका प्रमुख गजेन्द्र रावत, धनुषा जनपथ प्रहरी प्रमुख प्रकाश रानाभाट, सशस्त्र प्रहरी प्रमुख नरेन्द्र सेन, अनुसन्धान प्रमुख अभिनब सिंह, नेपाली सेनाका क्याप्टेन अनिल यादवको उपस्थिति रहेको थियो ।

यसैगरी, जसपा नेपालका नेता मनोज चौधरी, नेकपा नेता शिव शंकर साह हिरा, संस्थाका उपाध्यक्ष पुरन गुप्ता, सचिब मनिष श्रीओम, सदस्यद्वय पंकज मंडल र खुसबु साह, व्यवस्थापन समिति सदस्य गोपाल साह, श्याम सुन्दर सिंह, मनिष चौधरी, रामकृपाल साह, राजु साह, कृष्णा साह मनोज पंडित पारस ठाकुर सहित पत्रकार अजय साह सिबाली, सुजीत झा, प्रमोद साह लगायत समाजका गणमान्यहरुको उपस्थिति रहेको थियो । क्लोथ बैंकका अध्यक्ष राजीव झाले नेपाली सेनालाई धन्यवाद ज्ञापन गरेका थिए ।

## नागरिकता अध्यादेश र सर्वोच्चको अन्तरिम आदेश



**वृषेश चन्द्र लाल**

नागरिकता अध्यादेशको बारेमा देशको सर्वोच्च अदालतको संवैधानिक इजलासले हिजो गरेको अन्तरिम आदेशबाट मधेश, थरुहट, पहाड र हिमालका लाखौं जनता निराश भएका छन् । सर्वोच्चको आदेश वा निर्णयको पालना र सम्मान गर्नु पर्ने सबैको बाध्यता भए पनि यस्ता आदेश र निर्णयबारे टिप्पणी र महीन केलाई गर्नु हरेक नागरिकको अधिकार हो । यसले न्यायसम्पादन प्रणालीलाई मद्दत नै गर्नेछ । मेरो नजरमा सर्वोच्चको यो आदेश संविधान र कानूनसम्मत नभई त्रुटिपूर्ण छ –

१. सर्वोच्च अदालतको आदेश वा निर्णय संविधान र कानूनलाई टेकेर आउनु पर्दछ । संविधान र कानूनले स्पष्ट नबोलेको अवस्थामा प्राकृतिक न्याय सिद्धान्त अनुसार आगाडि बढ्नु पर्दछ । अध्यादेश नेपालको संविधान अनुसार जारी भएको हो होइन हेरेर अन्तरिम आदेशबारे निर्णय लिनु पर्थ्यो । नेपालको संविधानको धारा ११४ मा स्पष्ट भनिएको छ (हेर्नोस् फोटो)–

प्रतिनिधिसभा अहिले छैन, विघटित छ । विघटन विवादित भए पनि प्रतिनिधिसभाबारे अन्तिम निर्णय भएको छैन अर्थात् पुनर्स्थापित भएको छैन । सत्य के हो भने, संघीय संसदको कुनै अधिवेशन चालू छैन । त्यस्तोमा आवश्यक व्यवस्थापकीय व्यवस्थापनको लागि अध्यादेश नै एउटा उपाय रहेको स्पष्टै देखिन्छ । अदालतले आफ्नो आदेशको बूँदा ३ र ४ मा 'तत्काल केही गर्न आवश्यक परेमा' भन्ने व्यवस्था आगाडि सारेको छ । के संविधान बमोजिम



नागरिक हुनेले नागरिकताको प्रमाणपत्र नपाएकै कारण राज्यविहिनताको अवस्था भोग्नु परिरहेको स्थितिको समाधान तत्काल आवश्यक छैन ? तिनको अधिकारको सुरक्षातिर अदालत लगायत सबैको ध्यान जरुरी छैन ? तिनले दैनिक जीवन, पेशा-व्यापार, शिक्षा, लगायतका क्षेत्रमा भोग्नु परेको त्रासदी र मानसिक प्रतारणाबाट मुक्तिको निमित्त तत्काल केही गर्न आवश्यक छैन ?!

२. सर्वोच्च अदालतको यस आदेशमा म्च. म्ह ध्बमजखब ख्. क्तबतभ या द्यष्जबच को मुद्दामा भारतको सर्वोच्च अदालतको निर्णयलाई उल्लेख गरिएको छ । यो मुद्दाको विषय र नागरिकता अध्यादेशको विषय फरक-फरक हो । उक्त मुद्दा फेरि-फेरि दोह्राई-तेह्राई निरन्तर रुपमा एउटै अध्यादेश जारी गर्न नहुनेसंग सम्बन्धित थियो । त्यतिखेर १९६७-१९८० सम्म बिहारमा २५६ अध्यादेश यसरी आइरहेका थिए र कतिपय ९ वर्ष देखि १४ वर्षसम्मदेखि निरन्तर लागू थिए । अदालतले सो अभ्यासलाई रोकेको हो । नेपालको नागरिकता सम्बन्धी अध्यादेश त्यस्तो होइन । त्यसकारण, सर्वोच्चले लिएको सन्दर्भ त्रुटिपूर्ण छ ।

३. सर्वोच्चको अन्तरिम आदेशमा नागरिकताको वितरण भइ नै रहेको आशय व्यक्त गरिएको छ । तर, यस सम्बन्धमा विचार गर्नु पर्ने विषय के छ भने संविधानको धारा ११ को १ देखि १४ सम्म नागरिकता

*बाँकी अन्तिम पृष्ठमा*

## सम्पादकीय



# बाढी–पहिरोमा प्रदेश सरकारको कार्यभार

देश अहिले कोरोना भाइरसका कारण आक्रान्त छ। सर्वत्र निषेधाज्ञाका कारण जनजीवन असहज बनेको छ। स्वास्थ्य क्षेत्रबाट सुरु भएको महामारीको प्रभाव अहिले मानवीय र आर्थिक संकटमा परिणत हुँदैछ। तर यसको नियन्त्रण र रोकथामको तयारीमा सरकार जुन रुपमा लाग्नुपर्ने थियो, त्यो हुन सकेको छैन। कोरोनाको सन्त्राससँगै नेपाली जनताले बाढी-पहिरोको पीडा खेप्नुपरेको छ।

प्रत्येक वर्षायामको समयमा पहाडमा पहिरो र तराईमा बाढी र डुबानले गर्दा धनजनको क्षति भई हजारौँ नेपालीले दुःखद स्थिति व्यहोर्नुपरेको डरलाग्दो अवस्था छ। बाढी-पहिरो आउँदा ब्युँतिने र अन्य समयमा यसको रोकथाम र नियन्त्रणका लागि खासै पूर्वतयारी नगर्ने विगतको केन्द्रीय चिन्तन प्रदेश सरकारमा पनि सरेको छ। जसका कारण जनताले बर्सेनी यस्तै नियति भोग्नुपर्ने डरलाग्दो परिस्थिति पनि देखिन्छ।

नेपालको सम्पूर्ण भूभागको १७ प्रतिशत भाग मधेशले ओगटेको छ। हरेक वर्ष वर्षातको समयमा बाढीपहिरो र डुबानबाट सरदर २०० जनाको मृत्यु र २ अर्ब बराबरको धनमालको नोक्सान हुने गरेको एक आँकडाले देखाएको छ। तर पनि यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कार्ययोजना, समस्याको पहिचान र न्यूनीकरणका बारेमा खासै प्रदेश २ सरकारले उपलब्धीमूलक काम गर्न सकेको छैन।

वर्षभरि हुनेमध्ये ८० प्रतिशत वर्षा यही ३ महिनाभित्र हुने भएकाले यति बेला पहाडी क्षेत्रमा पहिरो र मधेशमा बाढीको जोखिम उच्च छ। यसरी

**नदीनालाको तटीय क्षेत्र अतिक्रमण गरी बसेका मानिस हटाउनसमेत सरकारले सकेको छैन । मनसुनबाट उत्पन्न हुन सक्ने बाढी, पहिरो, डुबान, रोगव्याधिलगायत प्रकोपविरुद्ध जुध्नका लागि योजना तर्जुमा गर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बल्ल कागजी योजना तयार पारेको छ तर, मनसुन सुरु भइसकेपछि बन्न लागेको योजनाले प्रभावकारी काम गर्ला भन्ने आशंका छ ।**

वर्षेपिच्छे दोहोरिने मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न केन्द्रदेखि प्रदेश सरकारले ल्याएको कार्ययोजना, यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी बन्न सकेका छैनन्। जोखिमयुक्त स्थानबाट बस्ती स्थानान्तरण गर्न पनि सकेको छैन। सामान्यतया असारदेखि भदौसम्मका ३ महिनालाई मनसुन अवधिको रुपमा लिइन्छ। यो अवधिमा हुने प्रकोपबाट हरेक वर्ष ठूलो मात्रामा धनजनको क्षति हुने गरेको छ।

खासगरी तराई-मधेशमा डुबान र कटान तथा पहाडमा बाढी पहिरोका कारण यस्ता घटना हुने प्रक्षेपण भए पनि यसको रोकथाम नियन्त्रण तथा व्यवस्थापनका लागि सरकारको खासै ध्यान पुगेको देखिदैन। पहाडमा डोजरे विकास एवं इञ्जिनीयरविनै खनिएका सडक आदि पहिरोका कारक हुन् भने मधेशमा एकतर्फी रुपमा दशगजा नजिकै बनाएको बाँध, तटबन्धन, सडक, अव्यवस्थित बसोबास चुरेको दोहन जथाभावी क्रसर उद्योग अनियन्त्रित वनजंगलको फडानी आदि बाढी र डुबानका मुख्य कारण हुन्।

वर्षायाममा सम्भावित बाढीपहिरो र डुबानबाट पीडित नागरिकलाई राख्न अहिले नै छुट्टै सेल्टरको स्थापना गरिनुपर्दछ। किनभने देशभरि सरकारी तथा गैरसरकारी संघसंस्थाका भौतिक संरचना कोभिड-१९ का लागि क्वारेन्टाइनमा प्रयोग गरिएकाले प्राकृतिक प्रकोपबाट पीडित नागरिकलाई राख्न अस्थायी सेल्टरको छुट्टै आवश्यकता पर्दछ।

यस्तै नदीनालाको तटीय क्षेत्र अतिक्रमण गरी बसेका मानिस हटाउनसमेत सरकारले सकेको छैन। मनसुनबाट उत्पन्न हुन सक्ने बाढी, पहिरो, डुबान, रोगव्याधिलगायत प्रकोपविरुद्ध जुध्नका लागि योजना तर्जुमा गर्ने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको बैठकले बल्ल कागजी योजना तयार पारेको छ तर, मनसुन सुरु भइसकेपछि बन्न लागेको योजनाले प्रभावकारी काम गर्ला भन्ने आशंका छ।

प्रकोपविरुद्ध संघ, प्रदेश र स्थानीय सरकार, निजी क्षेत्र, गैरसरकारी संघसंस्था र अन्तर्राष्ट्रिय मानवीय सहायता एजेन्सीलाई प्रभावकारी रूपमा परिचालन गर्ने निर्णय कार्यकारी बैठकले गरे पनि त्यसअनुसार तीनै तहका सरकारबाट काम हुनेमा सरकारी अधिकारीहरू नै आशंका गर्छन्। मनसुन सुरु भइसके पनि बस्ती स्थानान्तरण र तटीय क्षेत्रका नागरिक लक्षित कुनै पनि कार्यक्रम ल्याइएको छैन। प्रकोप आइसकेपछि मात्रै सरकारको ध्यान तानिने गरेको विगतका घटनाबाट स्पष्ट हुन्छ। प्राकृतिक प्रकोपलाई रोक्न नसकिए पनि त्यसबाट सिर्जित मानवीय र भौतिक क्षति न्यूनीकरण गर्न सकिन्छ र त्यसतर्फ प्रदेश सरकारले ध्यान जानुपर्छ। विपद् पूर्व जानकारी दिएर आउँदैन तर सम्भावित जोखिमको पहिचान समयमै सचेत हुन सकिन्छ।

# विकसित राजनीतिले कस्तो भविष्य कोर्छ ?

**विचार-विश्लेषण** भाग–९५



उपेन्द्र झा

> शक्ति अभ्यासले कसलाई कहाँ पुऱ्याउँछ, देशले के पाउँछ यी तमाम कुराहरु भविष्यको गर्भमा छ। राजनीतिक महाभारत युद्ध उत्कर्षमा पुगेकोले यसले भोली के परिणाम दिने भन्ने कौतुहल सबैमा व्याप्त छ। ख्याल ठट्टाबाट सुरु भएको यो संघर्ष बडो अनौठो तरिकाबाट उत्कर्षमा पुगेको छ। यसले के गुमाउँछ र के ल्याउँछ केही दिनमा थाहा हुन्छ, प्रतीक्षा गरौं।

पहिलोपल्ट स्थिर सरकार बनाउन दुई तिहाईको ऐतिहासिक जनादेश पाएको केपी शर्मा ओलीको सरकार आज विश्वासको बहुमत गुमाएर असहज परिस्थितिको सामना गरिरहेको छ। देश र जनताको अपेक्षित विकासको अनुकूल वातावरण पाएका ओली सरकार असहजतातिर लम्किएको अनेकौं कारणहरु होलान् तर देश र जनताले आफ्नो प्रगतिको सुनौलो अवसर गुमाएको छ।

०४६ सालदेखि अहिलेसम्म सामान्य बहुमतको सरकार, गठबन्धनको सरकार, राजनीति इतरका सरकार कसैले यति कार्यकाल पूरा गर्न सकेन। राजनीतिक दुर्भाग्य भोगिरहेको नेपाल दुई तिहाइको स्थिर सरकार पनि कार्यकाल पूरा गर्न सकेन। अहिले संसद विघटन भइ चुनावको घोषणा गरिएको छ। हालाकि विपक्षीहरु सर्वोच्चलाई संसद पुनर्स्थापनाका लागि आग्रह पत्र दिएको छ।

यसपाली ओली सरकार विपक्षबाट होइन आफ्नै पार्टी नेकपा एमालेकै सहकर्मीबाट प्रताडित भई यो असहज परिस्थिति निर्माण भएको हो। एमालेकै नेपाल-खनाल समूह फ्लोरक्रस गरेर ओली सरकारकै विरुद्ध शेरबहादुर देउवा नेतृत्वको वैकल्पिक सरकार बनाउन नेकपा माओवादी केन्द्र, नेपाली कांग्रेस, जसपासँग मिलेर गठबन्धन तयार पारी सर्वोच्चमा १४६ जना सांसदको हस्ताक्षरित दावा पेश गरेको छ।

३२ सांसद भएको जसपा ओलीको पक्ष विपक्ष दुइ लाइनको संघर्षमा विभाजित भई १२ सांसदसहित उपेन्द्र यादव नेपाली कांग्रेससँग मिल्न गएको छ भने २० वटा सांसद लिएर महन्थ ठाकुर ओलीको पक्षमा उभिएको छ। ४९ सांसद भएको नेकपा माओवादीलाई एमालेबाट सर्वोच्चले पृथक अस्थित्वमा ल्याइदिएको छ। २६ वटा सांसद लिएर माधव नेपाल समूह पनि एमालेबाट अलग भएर शेरबहादुरलाई वैकल्पिक सरकार बनाउन समर्थन दिएको छ। ओलीसँग अहिले एमालेको ९३ तथा महन्थ ठाकुरको २० गरी ११३ सांसद देखिएको छ। अहिलेसम्म विपक्षको कुनै भूमिका नदेखाइ शेरबहादुर देउवा ओली निकट नै देखिएका थिए। तर १४६ सांसदको विपक्षी गठबन्धन बनेपछि आफ्नो प्रधानमन्त्री बन्ने निश्चित भएपछि शेरबहादुर देउवा खुलेर ओलीको विरुद्ध उत्रेको छ।

माधव नेपाल समूहलाई पार्टीमा जोड्ने प्रयास ओलीले छाडेको छैन। २६ सांसदको समर्थन फिर्ता भयो भने शेरबहादुर होइन पुनश्च: ओलीको बहुमत सिद्ध हुन्छ। अनेक दुष्प्रवृत्तिका राजनीतिक दाउपेंच एमाले र एमाले जसपा र जसपा तथा विपक्षले खेलिरहेका छन्। पारस्परिक संघर्षले राजनीतिक भविष्यलाई अन्धकारमय बनाउँदै लगेको छ। संघीय गणतन्त्र अवसान हुने घटना भविष्यको गर्भमा जन्म लिएको त होइन, चारैतिर आशंका, महसुस हुन थालेको छ। पाँचवटा भूपू प्रधानमन्त्रीहरुले ओली सरकार विदेशी इशारामा लोकतन्त्र सिध्याउन लागेको भनेर आक्षेप लगाएका छन्।

नेपाली राजनीति दुई तिहाइको सहज र अनुकूल परिस्थितिबाट अस्थिरतातर्फ जानी-जानी उन्मुख भई अन्योलग्रस्त परिस्थितिलाई जन्म दिनुको पछाडि निर्देशित कार्ययोजना त होइन ? शंका गर्ने परिस्थिति देखिन्छ। दिनदिनै राजनीतिक जटिल बन्दै गएपछि घात प्रतिघात पनि तीव्र हुने बेर छैन। सामान्य ढंगले निराकरणको अवस्था नरहेपछि विस्फोट हुने बाध्यता रहन्छ।

माधव नेपाल समूहलाई समेट्ने प्रयासमा ओलीले ०७५ ज्येष्ठ २ को पूर्वाव्यस्थामा जान तयार भएपनि माधव नेपाल समूहले विपक्षी गठबन्धनबाट २६ वटा हस्ताक्षर फिर्ता ल्याउन मानेको छैन। ओलीको गतिविधिविरुद्ध दिनहुँ जसो सर्वोच्चमा रिट परिरहेको छ। माधव नेपाल समूहको एउटा ठूलो कमजोरी के हो भने पार्टीलाई विभाजनमा लान कोही चाहँदैन। तसर्थ एमालेको मिलन बिन्दू नजिक छ।

जसपाको पुनर्मिलनको कुनै परिस्थिति छैन। मधेश आन्दोलनको १५ वर्षमा मधेशको राजनीति धरातलमा आएका राजनीतिकर्मीले जातीय आधार तयार पार्न गरेका अभ्यासले मधेशलाइ भावनात्मक रुपमा विभाजित पारेको छ। १५ वर्षको अभ्यासमा तमलोपा र सद्भावनासँग एकीकरणको नाटकीय प्रयास कहिल्यै सफल भएन। ओलीको दल विभाजन विधेयकले विपरीत धारको दुइ पार्टीलाई एकीकरण गराएका हुन्।

जातीय अहंकारको शिकार जसपा विभाजनको खाल्टो खनिसकेको छ। विभाजनसँगै मधेशमा यादव, ननयादवको ध्रुवीकरण सुरु भएको छ। अपराधिक मानसिकताका कतिपय भलादमीहरु पार्टी फुट्नेको गोहीको आँसु चुहाएर चोखो व्यक्तित्व प्रदर्शनमा लागेका छन्।

ओली सरकारको विरुद्ध शक्तिहरुको ध्रुवीकरणले ओलीमाथि ठूलो दबाब बनाएको छ। सर्वोच्च अदालत पनि तथ्यगत रुपमा फैसला गर्ने बाध्यता छ। ऊँट कुन करबट लिने भन्ने परिणाम कसैलाई थाहा छैन। तथापि समस्या ओलीतिर बढिरहेको बुझिनछ। विजय पराजयले आकाश, पाताल देखाउने भएकोले कुशल शासकले जानी-जानी पराजय स्वीकार गर्दैन। त्यसकारण ओली सरकार पराजयको प्रतीक्षामा नहरने कुरा स्पष्ट देखिन्छ। माधव समूहले अन्ततः २६ हस्ताक्षर फिर्ता लिएर एमालेमा समावेश भयो भने सर्वोच्चले संसद पुनर्स्थापना गर्दा पनि ओलीलाई खासै फरक पर्दैन। तर माधव नेपाल समूहको पुनर्वापसी भएन भने ओलीको समस्या द्विगुणित बढ्नेछ।

ओलीलाई प्रतिगामीको रुपमा परिभाषित गर्ने विपक्षी गठबन्धन अहिले पूर्ण आक्रामक रुपमा उत्रेको छ। विधिको शासनलाई लत्याएर स्वेच्छाचारी शासन लाद्न खोजेको आदि आरोप लगाएर ओलीलाई सरकार बाहिर गराउने गठबन्नमा सबै शक्तिहरु मिसिँदै गएका छन्। ओलीलाई एकल्याएर प्रहार गर्ने, परास्त गर्ने यी सबै योजनाबाट ओली जानकार नै हुनुपर्दछ। ओलीको क्रियाकलापबाट छिटफुट रुपमा रहेका राजनीतिक दलहरु गठबन्धन बनाउन सफल भएका छन्।

ओलीले विपक्षीलाई न सरकार बनाउन दिन्छ न आफू सरकारलाई छोड्छ। आफू कायम रहन विभिनन शक्ति अभ्यास गर्न पछि हट्दैन। यी शक्ति अभ्यासले कसलाई कहाँ पुऱ्याउँछ, देशले के पाउँछ यी तमाम कुराहरु भविष्यको गर्भमा छ। राजनीतिक महाभारत युद्ध उत्कर्षमा पुगेकोले यसले भोली के परिणाम दिने भन्ने कौतुहल सबैमा व्याप्त छ। ख्याल ठट्टाबाट सुरु भएको यो संघर्ष बडो अनौठो तरिकाबाट उत्कर्षमा पुगेको छ। यसले के गुमाउँछ र के ल्याउँछ केही दिनमा थाहा हुन्छ, प्रतीक्षा गरौं।

janukjha24@gmail.com

# जसपाभित्र महिलामाथि विभेद : पुरुषवादी सोच हावी



पिंकी यादव

जनता समाजवादी पार्टी निर्माणमा महिलाको पनि महत्वपूर्ण योगदान रहेको छ। हरेक आन्दोलनमा महिलाहरु आफ्नो ज्यानको बाजी लगाएर लागेका थिए। निर्वाचनका बेला पनि महिलाहरु दिनरात नहेरी खटेका थिए। तर, महिलाहरुप्रति जहिले पनि पार्टी नेतृत्व उदासीन देखिएका छन्। अहिले जसपाका अध्यक्ष महन्थ ठाकुरजीले केन्द्रीय कार्यकारिणी समितिमा १६ जना थप गर्नुभएको छ तर एउटा पनि महिलालाई समावेश गर्नुभएको छैन। जहिले पनि महिलामाथि विभेद मात्रै भइरहेको हामीले अनुभूति गरेका छन्। महिलाहरुलाई किन अवसर दिँइदैन भन्ने कुरा हामीले बुझ्न सकिरहेका छैनौं। महिला सक्षम छैनन् कि विश्वास छैन भन्ने कुरा पार्टी नेतृत्वले प्रष्ट्याउनुपर्छ। पुरुषवादी सोचबाट माथि उठ्नुपर्छ भन्ने हाम्रो माग हो। अहिले विस्तार गरिएको समितिमा महिलालाई पनि स्थान दिनुपर्छ। आधा आकाश ओगटेको महिला भन्छन्, तर व्यवहारमा त्यस्तो देखिँदैन। प्रतिशतको दाबी गरिन्छ तर पार्टीले नै महिलाको योगदानलाई कदर गरिँदैन भने हामी न्याय खोज्न कहाँ जाने ? यो निर्णयबाट महिलाहरु दु:खी भएका छन्।

समानुपातिक समावेशिता मूल एजेन्डा लिएर हाम्रो पार्टीले यत्रो आन्दोलन र संघर्ष गऱ्यो तर आफ्नै संरचनामा महिलामाथि विभेद भइरहेको छ। हाम्रा नेताजीहरुले नारामा मात्रै समानुपातिक समावेशितालाई सीमित गर्न खोज्नुभएको जस्तो हामी अनुभूति हुन्छ। हुन सबै पार्टीले महिलालाई विभेद गर्दै आएको छ। कुनै पनि पार्टीले महिलालाई न्यायेचित स्थान दिएको छैन। यसको मूल कारण हो कि हाम्रो देश नै पुरुष प्रधान हो। महिलालाई जहिले पनि विभेद गरिरहने र अगाडि बढेको हेर्न नचाहे मानसिकता पनि छ।

महिलाले पुरुषसरह काम गर्न सक्दैन भन्ने मानसिकता पनि हो। तर जसपा भनेको परिवर्तनकारी शक्ति हो। अन्य दलमा छैन भनेर आफ्नो दलबाट कमसेकम सुरुवात गर्नुपर्ने हो। त्यसमा परिवर्तनको आभाष हुन सक्छ। भन्नका लागि मात्रै परिवर्तनकारी, वैकल्पिक शक्ति बनाएर हुँदैन। महिलामाथि यसरी नै भेदभाव कहिलेसम्म हुन्छ भनेर मैले प्रश्न पनि उठाएको छु। महिला नेतृ पनि सक्षम छन्, हामी सधैं पिछलग्गु मात्र हौं भन्ने सोच नेतृत्वले त्याग्नुपर्छ।

पार्टीको बलियो समिति भनेको केन्द्रीय कार्यकारिणी समिति हो। तर त्यहाँ महिलालाई उचित स्थान नै दिँदैन भने हामीले आफ्नो आवाज कहाँ गएर उठाउने हो ? महिलालाई निर्णायक ठाउँमा पुग्नै दिइदैन भने महिला नेताहरु कसरी अगाडि बढ्न सक्छन्। सांकेतिक रुपमा महिलाहरुको उपस्थिति पनि देखाइएको छ। तर त्यसले मात्रै समानुपातिक समावेशिताको सिद्धान्त पालना हुँदैन। यदि महिला नेतृहरु सक्षम र योग्य छन् भने स्थान दिनुपर्ने हो। हाम्रो जस्तो पार्टी पनि महिलासँग विभेद गर्छ भने नारा लगाएर केही हुनेवाला छैन।

पार्टीका महिला नेतृत्वहरुले पनि महिला सहभागिताका लागि खासै पहल गरेको देखिँदैन। कुनै महिला आफू पदमा पुग्छन् भने उसले महिलाको सहभागिता कसरी बढाउने भन्ने बारे पार्टीभित्र आवाज उठाउनुपर्ने हो।

*(यादव जसपा नेपालकी केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# महन्थ ठाकुर र उपेन्द्र यादव एक स्टेप पछाडि हटेर एकता जारी राख्नुपर्छ

**○ प्रदेश २ सरकारको बजेटप्रति तपाइँको धारणा के छ ?**

– बजेट भनेको समयसापेक्ष हुनुपर्छ। अहिलेको समयमा प्रदेशको अवस्था के छ, जनताको माग के छ लगायत विषयवस्तुलाई दृष्टिगत गरेर बजेट ल्याउनुपर्नेमा विपरीत खालको बजेट ल्याइएको छ। कोरोना महामारी त्यतिकै छ, तेस्रो लहर आउने निश्चित छ। त्यो हुँदाहुँदै अहिले अनावश्यक विषयहरुमा बजेट केन्द्रित गरिएको छ। जस्तै, पोखरी सौन्दर्यीकरण, साइकल वितरण, पार्क निर्माण, नेताहरुको शालिक निर्माण गर्ने लगायतका विषयहरु देखियो, जुन अहिलेको आवश्यकता थिएन। अवस्था सामान्य हुँदा यी कुराहरु गर्ने हो। अहिलेको समयमा सम्पूर्ण बजेट जनताको स्वास्थ्य, शिक्षा, कृषि र रोजगारमा केन्द्रित गर्नुपर्ने थियो। अनुत्पादक शीर्षकहरुमा बजेट विनियोजन गरी प्रदेशलाई झन्-झन् पछाडि धकेल्ने काम भइरहेको छ। प्रदेश सरकारको नेतृत्वमा दूरदर्शिताको अभाव देखिएको छ। यो बजेटले कुनै पनि हिसाबले संघीयतालाई बलियो बनाउने काम भएको देखिँदैन।

**○ तर प्रदेश सरकारले यसपटकको बजेटलाई स्वास्थ्य, शिक्षा र कृषिमा बढी प्राथमिकता दिएको दाबी गरिएको छ नि ?**

– भन्नु र गर्नुमा धेरै फरक छ। भन्नका लागि जे पनि भनिदिने तर केही पनि नगर्ने परिपाटी रहिआएको छ। स्वास्थ्यलाई प्राथमिकता दिएको भनिएको छ तर व्यवहारमा छैन। अब कोरोनाको तेस्रो लहर आउने स्वास्थ्य विज्ञहरुले बताइरहेका छन्, जसमा बालबालिकाहरु बढी प्रभावित हुनेछन्। त्यसको पूर्वतयारी स्वरुप पहिलेदेखि नै हामी बालमैत्री अस्पतालहरु बनाउने, उपचारको व्यवस्थापन गर्ने, हामीसँग उपलब्ध भएका चिकित्सकहरुलाई ट्रेनिङ्ग दिएर दक्ष बनाउने लगायतका कुनै पनि काम देखिएन। त्यसैले, स्वास्थ्यको नाममा झाराटार्ने काम मात्रै भएको छ। कोरोनाको पहिला लहर नेपालमा आउँदा बरु त्यो बेला प्रदेश सरकार अलि केही गरेको थियो। जस्तै, किसानहरुको ऋण प्रदेश सरकारले तिरेको थियो, अति विपन्न वर्गलाई राहत वितरण गरेको थियो। तर दोस्रो लहरमा केही पनि गरिएन। स्वास्थ्य सामग्रीहरु किन्ने नाममा भ्रष्टाचारहरु भयो। प्रदेश सरकारले 'प्रदेश परिवहन' भनेर बसहरु किनेर राखेको छ तर त्यसको कुनै उपयोगिता भइरहेको छैन।

**○ तपाइँले जसरी आलोचना गरिरहनुभएको छ, यो त प्रतिपक्षीको काम हो नि। तपाइँ सत्तापक्षकै सांसद भएर आफ्नै सरकारको यत्रो आलोचना किन ?**

– हामी कसैको गुलाम होइनौं, जनताको प्रतिनिधि हौं। सत्ता पक्षको सांसदको नाताले जुन बेला सरकारको बहुमत सिद्ध गर्नुपर्ने हुन्छ त्यो बेला मतदान गर्ने हो, बजेट पास गरिदिने हो, नीति तथा कार्यक्रम पास गर्ने हो। तर हरेक गलत काममा पनि सरकारलाई साथ दिन सकिदैन। अहिले प्रदेश निर्माणको क्रममा छ। आजको दिनमा एउटा पनि ऐन, कानुन वा नियम गलत बन्यो भने त्यसले दीर्घकालसम्म असर गर्छ। त्यसैले, गलत कामको आलोचना हामीले गर्नुपर्छ। नीति कार्यक्रम तथा बजेट निर्माण गर्दा कमसेकम सत्तापक्षका सांसदहरुसँग सल्लाह गर्नुपर्ने हो। तर यहाँ त सबै विज्ञहरु छन्, त्यसमा पनि मुख्यमन्त्री आफू नै हरेक विषयको विज्ञ ठान्नुहुन्छ।

**○ भनेपछि प्रदेशको बजेट तथा नीति तथा कार्यक्रम कसरी निर्माण हुन्छ त ?**

– प्रदेश २ सरकारमा भाइभैलो छ। कुनै मन्त्रीसँग मुख्यमन्त्रीको समन्वय छैन। प्रदेश सरकारको मन्त्रीहरुमा अराजक प्रवृत्ति देखिएको छ। मुख्यमन्त्रीले सुशासन हेर्ने हो कि बजेट चलाउने हो ? प्रदेश २ का मुख्यमन्त्रीले सबै मन्त्रालयको समानान्तर बजेट आफ्नो मातहतमा राख्नुभएको छ। त्यसले काम गर्ने तरिका प्रदेश सरकारको ठिक भएन।

**○ चालु आर्थिक वर्षको अन्त्यतिर छ, प्रदेश सरकारको कति बजेट अहिलेसम्म खर्च भएको छ त ?**

– नेपालमा काम गर्ने तरिकाले परिवर्तन गर्नुपर्छ। समग्र देशकै कुरा गर्ने हो पूरा बजेट को आधा बजेट यो असारमा मात्रै खर्च गर्ने परिपाटी नै छ। खासमा अन्तिम चौमासिकमा आगामी वर्षको योजना बनाउनुपर्ने हो। काम गर्ने भनेको पहिलो र दोस्रो चौमासिक हो, अन्तिममा अर्को वर्षका लागि योजना निर्माण गर्नुपर्ने हो। प्रदेश २ को सरकारसँग केन्द्र सरकारले भेदभाव गरेकै हो, यसमा दुईमत छैन। तर हामीलाई दिइएको पैसा पनि त खर्च गर्न सक्नुपर्ने हो नि। आफूलाई दिएको पैसा खर्च गर्न नसक्ने अनि अझै पैसा देऊ भन्नु तर्कपूर्ण होइन। तसर्थ, चालू आर्थिक वर्ष २०७७/७८ को बजेटलाई हेर्दा अन्त्यसम्म ५०-६० प्रतिशतभन्दा बढी खर्च हुने अवस्था छैन।

**○ पूर्वराजपाका मन्त्रीहरुलाई मुख्यमन्त्रीले बर्खास्त गरेपछि तपाइँहरु विरोधमा उत्रिनुभएको भन्ने आरोप नि ?**

– प्रदेश सरकारको पुनर्गठन गर्ने अधिकार मुख्यमन्त्रीलाई हुन्छ। सबभन्दा हास्यास्पद कुरा के हो भने आफ्नो पार्टीको बहुमत हुँदाहुँदै कांग्रेसलाई सरकारमा ल्याउनु हो। भनेपछि मुख्यमन्त्रीको नियत ठिक छैन। जसपाभित्रका सांसदहरुलाई त यति ठगे र अब कांग्रेसका सांसदहरुलाई पनि डेढ वर्ष ठग्ने रणनीति मात्र हो। अर्को कुरा, हाम्रो संसदीय दलको नेता चयन गर्दा पनि हामीलाई बोलाइएन।

**○ पूर्वराजपा र पूर्वसमाजवादी पार्टी छुट्टिने भएपछि पूर्वराजपाका मन्त्रीहरुलाई हटाइएको हो कि ?**

– निर्वाचनको बेला प्रदेश २ मा पूर्वराजपा र पूर्वफोरम मिलेर सरकारको नेतृत्व हामीलाई देऊ भनेर जनतासँग मत मागेका थियौं। त्यहीं आधारमा जनताले हामीलाई सरकार बनाउने हैसियतसम्मको मत दिएका थिए र त्यहीं हिसाबले सरकार पनि बनेको थियो। अहिले बाहिर कतिपयले भनिरहेका छन् कि पूर्वराजपा केन्द्रको सरकारमा गयो, त्यसैले प्रदेशबाट उसको मन्त्रीहरुलाई हटाइयो। तर योभन्दा पहिला यही केपी शर्मा ओलीको सरकारमा उपेन्द्र यादव जानुभएको थियो, त्यो बेला त हामीले फोरमलाई हटाएनौं। किनभने केन्द्रमा जेसुकै होस्, प्रदेशमा जनताले हामीलाई सरकार चलाउन म्यान्डेट दिएको हो। दुई वर्षसम्म उपेन्द्रजी सरकारमा हुँदा पनि हामीले कहींकतै अप्ठ्यारो गरेनौं। तर अहिले उहाँहरुले प्रदेशमा जुन काम गरिरहनुभएको छ, त्यो जनताको म्यान्डेट विपरीत हो। जनताले हेरिरहेका छन्। केन्द्रको रणनीतिले प्रदेशमा प्रभावित हुनुहुँदैनथ्यो। तर आवेशमा आएर मुख्यमन्त्रीले कसैबाट प्रभावित भएर जुन काम गर्नुभएको छ, यसको मूल्यांकन जनताले गर्छन्।

**○ तर यसमा त अध्यक्ष उपेन्द्र यादवको प्रत्यक्ष भूमिका देखिएको छ नि ?**

– उपेन्द्र यादवको राजनीतिक गतिविधिलाई जनताले राम्ररी हेरेका छन् र अब मूल्यांकन पनि गर्देछन्। कुन बेलामा उहाँले कस्तो कदम चाल्नुभएको छ, कसैले बिर्सेका छैनन्। २०६३ देखि अहिलेसम्म कुन बेला कसको के भूमिका रह्यो, जनताले एक-एक गरी हेरिरहेका छन्। कांग्रेस, एमाले र माओवादीको मधेश हेर्ने दृष्टिकोण एउटै हो। किनभने हामी सडकमा कराउँदा-कराउँदै यी तीन दलले अधुरो संविधान बनाए। सहज परिस्थितिमा यिनीहरुले मधेशीलाई केही दिँदैन। तर आज यिनीहरुलाई अप्ठ्यारो भएको भने हाम्रा मागहरु पूरा गर्न तयार छन्। असहज परिस्थितिमा भएपनि हाम्रा मागहरु पूरा गर्न तयार हुन्छन् भने हामीले लिन सक्नुपर्छ। विगतमा उपेन्द्र यादवजी ओलीको सरकारमा बस्दा के-के माग पूरा गराउनुभयो, त्यसको हिसाब त दिनुपर्‍यो नि।



**उपेन्द्र महतो**
**प्रदेशसभा सदस्य, प्रदेश २**
**जनता समाजवादी पार्टी नेपाल**

**○ जसपाभित्रको दुई स्पष्ट दुई धारले अब प्राविधिकरुपमा मात्रै पार्टी एक हो ?**

– हाम्रा दुवै नेता महन्थ ठाकुर र उपेन्द्र यादवलाई आग्रह छ कि दुवै जना एक-एक स्टेप पछाडि हट्नुस्। हुन त निर्वाचन आयोगले एकले अर्कालाई गरेको कारबाही त्यसै पनि खारेज गर्‍यो। दुवै अध्यक्षले एक स्टेप ब्याक गर्नुभयो भने फेरि एकता हुन्छ। किनभने जसपासँग उपेन्द्र यादव वा महन्थ ठाकुरको मात्रै भविष्य जोडिएको छैन नि। यसमा धेरै नेता कार्यकर्ताहरुको योगदान छ। राजपा र समाजवादीबीच एकीकरण हुँदा मधेशमा उत्साह छाएको थियो। तर अहिलेको गतिविधिले गर्दा जनतामा निराशा र आक्रोश देखिन थालेको छ।

# मधेशमा शहादत प्राप्त गरेका सबै शहीदको सम्मान हुनुपर्छ



**दिलिप कुमार साह**
**प्रदेशसभा सदस्य, प्रदेश २, नेकपा (माओवादी केन्द्र)**

○ प्रदेश २ को नीति तथा कार्यक्रममा तपाइँले संशोधन प्रस्ताव हाल्नुभएको थियो, किन ?

– प्रदेश २ सरकारको आगामी आर्थिक वर्ष २०७८/७९ को नीति तथा कार्यक्रम सर्वसहमतिले पारित भएको छ। यो नीति तथा कार्यक्रममा मैले नेकपा (माओवादी केन्द्र)को तर्फबाट संशोधन प्रस्ताव दर्ता गराएको थिएँ। मुख्यतः अहिले उपलब्धिहरु जुन हासिल भएको छ, त्यो खासगरी जनयुद्ध, जनआन्दोलन र मधेश आन्दोलनको बलमा नै आएको हो। ती आन्दोलनहरुको क्रममा सहादत दिएका शहीदहरुकै कारणले ती उपलब्धिहरु हासिल भएको हो। अहिले स्थितिमा हामीले आफ्नो पार्टीको तर्फबाट 'मधेश प्रदेश' नामाकरणको प्रस्ताव पनि दर्ता गराइसकेका छौं। अहिलेको नीति तथा कार्यक्रममा मधेश आन्दोलनका शहीद परिवारलाई रोजगार, सुविधा, सम्मान भनेर दिइएको छ। तर हामीले भनेका छौं कि मधेश आन्दोलनको मात्रै होइन, जनयुद्ध र जनआन्दोलनको उपलब्धि पनि हो। त्यसकारणले मधेशका रहेका सम्पूर्ण शहीदहरुलाई समेटिनुपर्छ र सम्मान गर्नुपर्छ। शहीदहरुमा विभेद गर्नु हुँदैन भनेर संशोधन प्रस्ताव हालेको थिएँ। त्यो प्रस्ताव जायज पनि हो। सम्पूर्ण शहीद परिवारलाई यो प्रदेश सरकारले सम्मान र अवसरहरु दिनुपर्छ। मुख्यमन्त्रीजीले सम्बोधन गर्ने क्रममा यसलाई समेट्न सक्नुभएन। त्यसैले मैले आफ्नो संशोधन प्रस्ताव फिर्ता लिइनँ।

**○ माओवादीको जनयुद्धका शहीदको सम्मान भएन भनेर तपाइँको असन्तुष्टि हो ?**

– मधेश आन्दोलनका शहीद परिवारलाई मात्रै हेर्नुपर्छ भन्ने कुरामा मेरो असन्तुष्टि हो। किनकि जनयुद्धका प्रदेश २ का आठवटै जिल्लामा करिब डेढ सयभन्दा बढी मधेशीहरु शहीद भएका छन्। त्यो हिसावले हेर्दा त मधेशी शहीदहरुमाथि अपमान भइरहेको छ। प्रदेश सरकारबाट शहीदको अपमान नहोस् भन्न चाहन्छौं। मधेशमा शहादत प्राप्त गरेका सबै शहीदको सम्मान हुनुपर्छ।

**○ मधेश आन्दोलनको जगमा निर्माण भएको प्रदेश सरकारले मधेश आन्दोलनकै शहीदलाई सम्मान गर्न सकेको छैन भने अन्य आन्दोलनका शहीदहरुको सम्मान गरोस् भन्ने अपेक्षा कसरी गर्नुहुन्छ ?**

– हुन त मधेश आन्दोलनको जगमा निर्माण भएको यो प्रदेश सरकारले मधेश आन्दोलनकै शहीदहरुको सम्मान भइरहेको छैन भन्ने सवालमा अन्य आन्दोलनका शहीदलाई के सम्मान गर्छ यो सरकारले भन्ने प्रश्न पनि जायज हो। मधेश आन्दोलनका शहीदहरुलाई पनि उच्च सम्मान गर्नुपर्छ। त्यस्तै जनयुद्धमा भएका शहीदहरुलाई पनि उच्च सम्मान गर्नुपर्छ। प्रदेश सरकारले छाती चौडा गरेर विभेद नगरिकन शहीदमाथि विभेद गर्नु हुँदैन।

**○ नीति तथा कार्यक्रमको अन्य कुराहरुप्रति तपाइँको आपत्ति छैन ?**

– प्रदेश २ को नीति तथा कार्यक्रम विगतको वर्षभन्दा केही फरक देखिएको छैन, कर्मकाण्डी जस्तो छ। नीति तथा कार्यक्रमलाई अध्ययन गर्दा धेरै कुरालाई समेटिएको जस्तो देखिन्छ तर व्यवहारतः लागू गर्ने सवालमा धेरै नै कमजोर देखिएको छ। विगतलाई हेर्दा नीति तथा कार्यक्रमको २५ प्रतिशत पनि लागू भएको हुँदैन। नीति तथा कार्यक्रमलाई हेर्दा एक किसिमले गफ दिएको जस्तो देखिएको छ।

**○ चालु आर्थिक वर्षको कति बजेट यो सरकारले खर्च गर्न सकेको छ त ?**

– चालू आर्थिक वर्षको अन्त्यतिर आइसकेको छ। तर सरकारले ५० प्रतिशत बजेट पनि खर्च गर्न सकेको छैन। यो महिनाभित्र प्रदेश सरकारले यदि ५० प्रतिशत बजेट पनि खर्च गर्न सक्यो भने धेरै काम गरेको देखिन्छ। तर ५० प्रतिशत बजेट पनि खर्च गर्न सक्ने अवस्था छैन। सरकारले बजेट ल्याउँछ, मन्त्रालयहरुको योजना आउँछ। संसदीय कोषका योजनाहरु शतप्रतिशत लागू भएको छ। तर मन्त्रालयहरुले ल्याएको गौरवका योजनाहरु अलिकति पनि अगाडि बढ्न सकेको छैन। अहिले आर्थिक वर्षको अन्त्यमा आएर असारे विकासहरु भइरहेका छन्। यसले राम्रो सन्देश जाँदैन। त्यसैले अहिले पनि प्रदेश सरकार ठिक ट्र्याकमा छैन। सरकार ठिक ट्र्याकमा भएको भए पहिलो चौमासिकदेखि विकास निर्माणको काम सुरु भइसक्थ्यो। असारमा आएर बालुवामा पानी खन्याउने काम जुन भइरहेको छ, त्यसले पुरानै चीजहरुको निरन्तरता देखिएको छ। आउने दिनमा प्रदेश सरकारको चेत खुलोस् र प्रथम चौमासिकदेखि नै विकास निर्माणका कामहरु अगाडि बढाएर गयो भने लगभग ७५ प्रतिशत काम सिध्याउन सक्छ।

**○ प्रदेश सरकारले केन्द्रीय सरकारको असहयोग र कर्मचारीको अभावका कारण गर्न सकिएन भन्ने गुनासो गरिरहन्छ नि ?**

– कर्मचारीको अभावको त सबै प्रदेशमा छ। तर त्यो देखाएर आफू पन्छिने काम मात्रै गरेको जस्तो देखिन्छ। किनभने संसदीय कोषको काम त त्यहीं कर्मचारीहरुले गरिरहेका छन्, राम्रै ढंगले भइरहेका छन्। प्रदेश सरकारसँग उपलब्ध कर्मचारीहरुलाई राम्रो ढंगले परिचालन हुन नसकेर विकास निर्माणका कामहरु अगाडि बढ्न सकेको छैन।

**○ प्रदेश २ को सरकारमा नेपाली कांग्रेस सहभागी भयो, माओवादी पनि सहभागी हुने कुरा थियो, केमा कुरा मिलिरहेको छैन त ?**

– प्रदेश २ को सरकारमा सहभागिताका लागि हामीसँग छलफल भइरहेको छ। केन्द्रको गठबन्धनको हिसावले हामी पनि प्रदेश २ को सरकारमा सहभागी हुने कुरो स्वाभाविक नै हो। हामी सरकारमा सहभागी हुने भएपछि प्रदेश सरकारका सबै कुरालाई समर्थन गर्न सकिँदैन। हामी सरकारमा नगएपनि समर्थन गरिरहने हाम्रो दलमा निर्णय भएको छ। सरकारमा अहिलेसम्म हामी सहभागी नहुनुको मुख्य कारण नीति तथा कार्यक्रममा हामीलाई सहभागी गराइएन। बजेट निर्माणमा पनि हामीलाई समावेश गराइएन। यसले हामीलाई ठूलै चोट पुर्‍याएको छ। अर्को कुरा मन्त्रालय पनि कामकाजी हुनुपर्‍यो।

# प्रदेश २ को आ.व. २०७८/७९ को बजेटको पूर्णपाठ

माननीय सभामुखज्यू
माननीय सदस्यज्यूहरु,

१. कोभिड-१९ को महामारीले सिर्जना गरेका चुनौतीपूर्ण परिस्थितीको सम्बोधन गरी प्रदेशवासीहरुको जीवनरक्षा सुनिशित गर्दै अर्थतन्त्रलाई पुनसुदृढीकरण गर्न आगामी वर्षको बजेट प्रस्तुत गर्नुपर्ने विद्यमान अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनाको लागि विगतमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध र मधेश जनविद्रोहको स्मरण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण वीर शहीदहरु प्रति श्रद्धासुमन अर्पण गर्दछु ।

२. कोरोना महामारीबाट मृत्यु भएका व्यक्ति र राष्ट्रसेवक कर्मचारीप्रति हार्दिक भावपूर्ण श्रद्धान्जली अर्पण गर्दछु र मृतकका परिवारजनमा समवेदना व्यक्त गर्दै संक्रमितहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

३. आर्थिक वर्ष २०७८ । ०७९ को बजेट तर्जुमा गर्दा नेपालको संविधान प्रदत्त प्रदेशको अधिकारहरु, नागरिकको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त नीति तथा दायित्व पन्ध्रौं आवधिक योजना, प्रदेश नं.२ को प्रथम आवधिक योजनाले अंगिकार गरेको उद्देश्य लक्ष्य, नीति र कार्यक्रमहरु, प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रमहरु, दीगो विकासका लक्ष्यहरु, पूर्व बजेट छलफलका क्रममा माननीय प्रदेश सभा सदस्यज्यूहरुले प्रदान गर्नु भएका रचनात्मक सुझावहरु, विभिन्न विद्वान, सरोकारवालाहरुबाट प्राप्त राय सुझाव एवं प्रदेश सरकारबाट विगतमा भएका महत्वपूर्ण कार्यक्रमहरुलाई आगामी आर्थिक वर्षको बजेट तर्जुमाको प्रमुख मार्गदर्शनको रुपमा लिएको छु ।

४. कोरोनाबाट आक्रान्त प्रदेशवासीहरुको जीवनरक्षा सहित सुशासन, दीगो शान्ति, विकास र समृद्धि हासिल गर्ने तीव्र आकांक्षा र उपलब्ध सीमित स्रोत तथा साधनको समुचित परिचालन गरी अपेक्षित नतीजा हासिल गर्ने कार्य चुनौतिपूर्ण भए पनि आवश्यक संस्थागत र व्यवस्थापकीय प्रवन्ध सहित प्रदेश सरकार प्रतिबद्ध रहेको व्यहोरा सबैमा अनुरोध गर्न चाहन्छु ।

५. आगामी आर्थिक वर्षमा संघ, प्रदेश र स्थानीय सरकारका बीच सहकारिता, सहअस्तित्व र समन्वय मार्फत वित्तीय संघीयताको कुशल अभ्यास गरी सामाजिक, राजनैतिक तथा विकासका आयामहरुमा क्रमिक सुधार तथा रुपान्तरण गर्दै लगिने विश्वास व्यक्त गर्न चाहन्छु

६. प्रदेशमा उपलब्ध स्रोत र साधनको समुचित प्रयोग गर्दै सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्यमा प्रदेशको प्रथम आवधिक योजना अनुरुप निर्दिष्ट लक्ष्य प्राप्त हुने अपेक्षा लिएको छु ।

७. कोभिड १९ को दोस्रो लहर तथा सम्भावित तेस्रो लहरको चुनौतिपूर्ण अवस्थालाई दृष्टिगत गर्दै स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखि आगामी बर्षको बजेट तर्जुमा गरेको छु ।

माननीय सभामुख महोदय,
प्रदेश नं. २ को समष्टिगत आर्थिक अवस्थाको बारेमा संक्षिप्त विवरण सम्मानित सभा समक्ष प्रस्तुत गर्न चाहन्छु।

८. चालु आर्थिक वर्षमा यस प्रदेशको कुल गार्हस्थ उत्पादन उपभोक्ता मुल्यमा ५ खर्ब ६३ अर्ब १५ करोड पुग्ने अनुमान गरिएको छ । जसमध्ये कृषि क्षेत्रको योगदान ३९ प्रतिशत र गैरकृषि क्षेत्रको योगदान ६१ प्रतिशत भएको प्रारम्भिक अनुमान गरिएको छ ।

९. नेपाल सरकारको आर्थिक सर्वेक्षण अनुसार प्राथमिक क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ३९ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान गरिएको छ भने कुल गार्हस्थ उत्पादनमा द्वितीय क्षेत्रको योगदान १०.९ प्रतिशत रहनेछ र सेवा क्षेत्रले कुल गार्हस्थ उत्पादनमा ५०.२ प्रतिशत योगदान दिने प्रारम्भिक अनुमान रहेको छ ।

१०. चालु आर्थिक वर्षमा यस प्रदेशको आर्थिक बृद्धिदर ३.५२ प्रतिशत रहने प्रारम्भिक अनुमान रहेको छ ।

११. प्रदेशको प्रमुख खाद्यान्न बालीको रुपमा रहेको धानको उत्पादन चालु आर्थिक वर्षमा ५६ लाख २१ हजार ७ सय १० मेट्रिक टन हुने अनुमान छ । जसमध्ये यस प्रदेशको योगदान सबैभन्दा बढी २५.५ प्रतिशत रहने अनुमान छ। साथै कृषि क्षेत्रको उत्पादन चालु आर्थिक बर्षमा उल्लेख्य रुपमा बृद्धि हुने अनुमान गरेको छु ।

१२. कोभिड- १९ महामारीका कारण पर्यटक आवागमनमा कमी आएको र खुद्रा व्यापार तथा वित्तीय संस्थाहरुको कारोबारमा भएको कमीले सेवा क्षेत्रको योगदान घट्ने अनुमान गरेको ।

१३. प्रदेशमा बैंक बीमा तथा वित्तीय सेवाको पहुँच क्रमशः बढ्दै गएको छ । गत वर्ष जम्मा १३५८ वटा शाखा मार्फत विभिन्न बैंक तथा बित्तीय संस्थाहरुबाट सेवा प्रवाह भएकोमा चालु आर्थिक वर्षमा उक्त संख्या बढेर कुल १५७४ पुगेको छ र प्रदेशका सबै पालिकाहरुमा बैंक तथा वित्तीय संस्थाको पहुँच रहेकोछ ।

१४. चालु आर्थिक वर्षमा संकलन भएको कुल निक्षेप मध्ये यस प्रदेशको योगदान ४.३ प्रतिशत रहेको छ ।

१५. चालु आर्थिक वर्षमा आन्तरिक ऋण रु. एक अर्ब परिचालन गर्ने लक्ष्य लिएकोमा प्रदेश सरकारले हालसम्म ऋण नलिएको जानकारी यस सम्मानित सभा समक्ष पेश गर्न चाहन्छु।

१६. चालु आर्थिक बर्षको जेठ २० गते सम्म नेपाल सरकारबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान बापत रु. ५ अर्ब २६ करोड ५० लाख, राजस्व बाँडफाँटबाट रु. ५ अर्ब ९८ करोड २४ लाख र संघीय सशर्त अनुदान वापत रु. ५ अर्ब १० करोड ७५ प्राप्त भएको छ। विशेष अनुदान वापत रु. १३ करोड ८३ लाख तथा समपुरक अनुदान तर्फ रु. ९२ लाख प्राप्त भएको छ ।

१७. चालु आ. व. को जेठ २० गतेसम्म आन्तरिक राजस्व परिचालन तर्फ रु. ३ अर्ब २ करोड १ लाख संकलन भएको छ ।

१८. चालु आर्थिक वर्षमा कुल विनियोजनको ६२.५ प्रतिशत खर्च हुने संशोधीत अनुमान छ । विनियोजनमध्ये चालु तर्फ ७२.३४ प्रतिशत र पुँजीगत तर्फ ५२.६६ प्रतिशत हुने संशोधित अनुमान छ ।

१९. प्रदेश आर्थिक कार्यविधि ऐन २०७४ को दफा १३ को उपदफा २(ख) बमोजिम मध्यमकालीन खर्च संरचना पेश गरेको छु । यसबाट प्रदेश सरकारको त्रिवर्षीय श्रोतको आँकलन गरी प्राथमिकता प्राप्त क्षेत्रमा उपलब्ध श्रोतको बाँडफाँड गर्ने खाका प्रस्तुत हुने विश्वास लिएको छु ।

माननीय सभामुख महोदय,
आगामी आर्थिक वर्षको बजेटको उद्देश्य देहाय बमोजिम रहेको छ।

२०. कोभिड- १९ को संक्रमण रोकथाम, नियन्त्रण र उपचारका लागि सम्पूर्ण साधन स्रोतको परिचालन गर्दै नागरिकको जीवन रक्षा गर्ने ।

२१. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य सुरक्षाको सुनिश्चितता गर्ने ।

२२. संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य मार्फत विकासका लक्ष्यहरु हासिल गर्ने ।

२३. महिला, दलित, गरिब अपाङ्ग, मधेशी, आदिवासी जनजाति, अल्पसङ्ख्यक र आर्थिक तथा सामाजिक रुपमा विपन्न खस आर्यहरुको मूल प्रवाहिकरण गर्ने ।

२४. सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहकार्य र साझेदारी मार्फत आर्थिक गतिविधिलाई गतिशील बनाउने ।

२५. दक्ष, सबल, सक्षम एवंम प्रविधिमैत्री जनशक्तिको विकास गर्ने ।

माननीय सभामुख महोदय
बजेटका उद्देश्यहरु प्राप्त गर्न तपसिल बमोजिमको प्राथमिकता निर्धारण गरेको छु।

२६. संघ एवम् स्थानीय तहबीचको समन्वयमा कोभिड १९ महामारी रोकथामका लागि आवश्यक खोप उपलब्ध गराउने,

२७. स्वास्थ्य संस्थाहरुको स्तरवृद्धि तथा संस्थागत सुदृढीकरण,

२८ सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधारको अवस्था, शैक्षिक गुणस्तर, शैक्षिक सामग्री लगायत शैक्षिक वातावरण सुधार,

२९. कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषिजन्य उत्पादनमा आधारित उद्योग स्थापना मार्फत रोजगारी सृजना ,

३०. प्रदेशको राजस्वमा महत्वपूर्ण योगदान पुर्याउने उद्योगहरुलाई प्रोत्साहन,

३१. आवास विहीन तथा आर्थिक रुपले विपन्न गरिब र सामजिक बहिष्करणमा परेका नागरिकका लागि उपयुक्त सुरक्षित र व्यवस्थित आवासको व्यवस्था,

३२. मधेश आन्दोलन लागायत विभिन्न आन्दोलनका क्रममा भएका शहिद तथा पीडित परिवारहरुको सम्मान तथा संरक्षण

३३. प्रदेश सरकारबाट स्वीकृत भई कार्यान्वयनमा रहेका वहुवर्षीय आयोजना तथा कार्यक्रमहरुको निरन्तरता

३४. प्राकृतिक तथा मानवीय क्रियाकलापबाट सिर्जना हुन सक्ने विपद्को समुचित व्यवस्थापन,

३५. सार्वजनिक सेवा प्रवाह र विकास प्रशासनलाई जनमुखी गुणस्तरीय र प्रतिफलदायी बनाई प्राप्त उपलब्धिको न्यायोचित वितरण मार्फत सुशासन कायम गर्ने ।

माननीय सभामुख महोदय,
प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्राथमिकता प्राप्त क्षेत्रहरुसँग सम्बन्धित कार्यक्रम र बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु

(क) स्वास्थ्य क्षेत्र तथा कोभिड-१९ को महामारी रोकथाम, नियन्त्रण र उपचार

३६. कोभिड-१९ को रोकथाम, नियन्त्रण तथा उपचारका लागि आवश्यक औषधि, अक्सिजन सिलिण्डर रेम्डिसिभिर, रिएजेन्ट किट्स लगायतका उपकरण खरिदका लागि रू. २० करोड विनियोजन गरेको छु ।

३७. कोभिड- १९ महामारीले सृजना गरेको जटिल परिस्थितिको सामना गर्न आवश्यक औषधि उपकरण खरिदका लागि पर्याप्त स्रोतको सुनिश्चितता गरेको छु । साथै कोरोना महामारी रोकथाम नियन्त्रणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको व्यहोरा सम्मानित सभा समक्ष निवेदन गर्न चाहन्छु ।

३८. यस प्रदेशभित्रका विभिन्न अस्पतालहरुमा मृगौला विरामीहरुको बढ्दो चापलाई मध्यनजर गर्दै ३५ वटा डाईलेसिस मेसिन खरिदका लागि रु. १२ करोड विनियोजन गरेको छु ।

३९. कोभिड- १९ महामारीले सृजित जनस्वास्थ्यसँग सम्वन्धित जोखिम कम गरी समुचित उपचारको व्यवस्था गर्न जनकपुरधामको मुजेलिया स्थित मणिपाल शिक्षण अस्पतालमा कोभिड विशेष अस्पताल सञ्चालनमा ल्याउन तथा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य क्षेत्रको विशिष्ट अध्ययन, अध्यापन तथा अनुसन्धान गर्ने क्षेत्रको रुपमा विकास गर्न चालु आर्थिक वर्षमा रू. ९ करोड उपलब्ध गराई सकेको र अगामी आर्थिक वर्षको लागि रू. १० करोड विनियोजन गरेको छु । यसका लागि थप बजेटको व्यवस्थापन आन्तरिक ऋणबाट गरिनेछ ।

४०. कोरोना महामारीको उपचारमा जनशक्तिको अभाव हुन नदिन अस्पताल तथा प्रयोगशालाहरुमा थप जनशक्ति व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु । नेपाल सरकारको समन्वय एवम् सहकार्यमा कोरोना महामारी विरुद्ध अग्रपङतिमा खटिने प्रदेश मातहतका अस्पतालमा कार्यरत चिकित्सक तथा स्वास्थकर्मीहरुलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाएको छु ।



४१. प्रादेशिक अस्पताल जनकपुरधामका लागि Cath Lab, Advanced CT Scan Machine, ICU/HDU स्थापनार्थ उपकरण खरिदका लागि रु.१९ करोड विनियोजन गरेको छु ।

४२. प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई अत्याधुनिक उपकरण सहित स्तरोन्नति गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४३. पोखरीया अस्पताल पर्सा र भारदह अस्पताल सप्तरीलाई प्रदेश अन्तर्गत सञ्चालन गर्ने निर्णय भएअनुरुप उक्त अस्पतालहरुको भौतिक संरचना सुधारका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

४४. अन्य स्वास्थ्य संस्थाहरुको भौतिक पूर्वाधार निर्माण र सुधारका लागि रु. १६ करोड विनियोजन गरेको छु ।

४५. संघीय सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश भित्रका सीमान्तकृत बिपन्न दलित परिवारहरुको स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न बजेटको व्यवस्था मिलाइएकोछ ।

४६. आयुर्वेद, योग प्राकृतिक चिकित्सा, होमियोप्याथिक तथा अन्य परम्परागत उपचार पद्धतिको अध्ययन अनुसन्धान, प्रादेशिक आयुर्वेद तथा बैकल्पिक चिकित्सा, अनुसन्धान केन्द्र स्थापना एवम् स्थानीय तहमा क्रमशः स्वास्थ्य तथा नागरिक आरोग्य केन्द्र स्थापना तथा नियमित संचालन गर्न रु ४ करोड ३० लाख बजेट व्यवस्था गरेको छु ।

४७. पूर्ण सुरक्षित मातृत्व प्रदेश तथा Zero home delivery कार्यक्रमलाई Piloting को रुपमा सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

(ख) शिक्षा क्षेत्र

४८. प्रत्येक जिल्लामा एक/एक वटा नमुना सामुदायिक विद्यालय स्थापना तथा सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार निर्माण तथा सुधार गरी शैक्षिक गुणस्तर अभिवृद्धि गर्न रू. २४ करोड विनियोजन गरेको छु ।

४९. प्रदेश स्थित सामुदायिक विद्यालयहरुमा अध्ययनरत छात्रछात्राहरुलाई खेलकुदको माध्यमबाट शारीरिक तथा मानसिक विकासका लागि खेलमैदान निर्माण तथा स्तरोन्नति गर्न रु.८ करोड विनियोजन गरेको छु ।

५०. प्रदेश स्थित ऐतिहासिक पुस्तकालयहरु तथा संस्कृत विद्यालयहरुको सुदृढीकरण र जनकपुरधाममा प्रादेशिक स्तरको पुस्तकालय निर्माण कार्यको सम्भाव्यता अध्ययनका लागि आवश्यक वजेट व्यवस्थापन गरेको छु ।

५१. उच्च शिक्षा अध्ययनरत आदिवासी जनजाति दलित, मुस्लिम, छात्रा तथा मधेश आन्दोलनका शहिद परिवार घाइते परिवारका लागि छात्रवृत्तिको व्यवस्था गर्न रु.२ करोड विनियोजन गरेको छु।

५२. सामुदायिक विधालयहरुमा अध्ययनरत विधार्थीहरुको प्राथमिक स्वास्थ्य उपचार परामर्श सेवा उपलब्ध गराउन एक विधालय एक नर्स कार्यक्रमलाई निरन्तरता दिन रु.३ करोड ५० लाख रकम विनियोजन गरेको छु।

(ग) सीप विकास तथा रोजगारी

५३. रोजगार सूचना केन्द्रलाई ब्यबस्थित तुल्याई सरोकारवालाहरुसँगको सहकार्य र समन्वयमा गरिबी न्यूनीकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई प्रदेश अनुकूल परिमार्जन गरी विपन्न परिवारलाई रोजगारीको अवसर सृजना गर्ने कार्यक्रममा रु.८ करोड रकम विनियोजन गरेको छु।

५४. कोभिड १९ महामारीका कारण रोजगारी गुमाएका यूवाहरुको लागि युवा स्वरोजगार कार्यक्रममा रु.१५ करोड रकम विनियोजन गरेको छु।

५५. उद्यमशीलता मार्फत रोजगारीका अवसर सृजना गर्न रु. २८ करोड ५० लाख रकम विनियोजन गरेको छु।

५६. दलित समुदायका महिला तथा युवाहरुको सीप विकास मार्फत रोजगारीका अवसर सृजना गर्न विगत वर्षदेखि सञ्चालनमा रहेको भगत सर्वजीत कार्यक्रमलाई निरन्तरता दिदै रु.२ करोड ४० लाख रकम विनियोजन गरेको छु।

५७. स्थानीय श्रम, सीप, क्षमता अभिवृद्धि गर्न व्यवसायिक शिक्षा तथा तालिम मार्फत आवश्यक प्राविधिक जनशक्तिको उत्पादन गरी आय आर्जनमा परिचालन गर्न सीप तथा व्यवसायिक तालिम परिषद्का लागि संघ र प्रदेशको सहकार्यमा कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(ग) महिला, वालवालिका युवा तथा खेलकुद

५८. महिला सशक्तिकरण मार्फत राज्यको हरेक निकायमा महिलाहरुको पहुँच अभिवृद्धि गर्न महिलाको हक सम्बन्धि प्रादेशिक नीति, कानून, योजना तर्जुमा लगायत बालबालिका, युवा तथा खेलकुदका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

५९. खेलकुदको विकासका लागि राष्ट्रिय खेलहरु तथा प्रदेश नं. २ का लोकप्रिय तथा लोपोन्मुख खेलहरुलाई प्राथमिकतामा राखी आवश्यक संरचनागत व्यवस्था गरी मुख्यमन्त्री रनिङ्ग शिल्ड प्रतियोगिता संचालन गर्न बजेट विनियोजन गरेको छु ।

(घ) भाषा, साहित्य, कला एवम् संस्कृति

६०. प्रदेश भित्रका मौलिक सांस्कृतिक सम्पदाहरुको संरक्षण एवम् प्रवर्द्धनका लागि विभिन्न साँस्कृतिक संग्राहलय र प्रदेश भाषा, कला तथा संस्कृति प्रतिष्ठान स्थापनाका लागि पूर्व सम्भाव्यता अध्ययन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६१. प्रदेशभित्रका धार्मिक साँस्कृतिक क्षेत्रको विकास र प्रबर्द्धनका लागि रु.१६ करोड रकम विनियोजन गरेको छु।

६२. प्रदेशको मौलिक संस्कृति कला तथा अन्य विद्याको संरक्षण र सम्बर्द्धनका लागि आवश्यक वाद्यवाद्यन सामग्री उपलब्ध गराउन आवश्यक बजेट विनियोजन गरेको छु ।

(ङ) भूमि, कृषि तथा पशुपालन

६३. प्रदेशको प्रमुख आर्थिक क्षेत्रको रुपमा रहेको कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व अभिवृद्दि गर्ने उद्देश्यले दुग्ध पदार्थमा आधारित फलफुल तथा माछा प्रसोधन उद्योगहरुको सम्भाव्यता अध्ययन सहित स्थापनाका लागि रु.४ करोड रकम विनियोजन गरेको छु ।

६४. प्रदेशलाई दुग्ध तथा मासु उत्पादनमा आत्मनिर्भर बनाउन दुग्ध तथा मासु मिसन कार्यक्रम र प्रस्तावमा आधारित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमको लागि रु. १३ करोड बजेट विनियोजन गरेको छु ।

६५. प्रदेशको अनुकूलता बमोजिम व्यवसायिक महत्वका तरकारी र मसला पुष्पखेती पोषणयुक्त बालीहरु ओल सोहिजन, अनार मेवा, च्याउ लगायतका व्यवसायिक खेतीको प्रवर्द्धन गर्न रु १ करोड ५० लाख विनियोजन गरेको छु ।

६६. कृषक, विपन्न, गरिब भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु, एकल महिला, मधेस आन्दोलनका सहिद र घाइते परिवारको आय आर्जन तथा जीविकोपार्जनमा टेवा पुयाउन "मुख्यमन्त्री किसान उत्थान कार्यक्रम" लाई निरन्तरता दिन रु ५ करोड विनियोजन गरेको छु ।

६७. बाली र वस्तु परिवेशमा सन्तुलन कायम राख्न एकिकृत शत्रुजीव व्यवस्थापन, जलवायु मैत्री कृषि प्रविधि विस्तार कृषि जैविक विविधता, प्राकृतिक जलाशय संरक्षण माटो स्वास्थ्य प्रवर्द्धन कार्यक्रमहरु संचालनमा आवश्यक बजेट विनियोजन गरेको छु ।

६८. बालीनाली र पशु वस्तुका महामारी रोग र हानिकारक कीराहरुको प्रकोप फैलिन नदिई तत्काल स्थलगत रुपमा महामारी नियन्त्रणका लागि पशुपंक्षी घुम्ती सेवा ( Veterinary Mobile Van) सहितको रैपिड रेस्पोन्स टिमको परिचालन गर्न स्थानीय तहसँग सहकार्य गरी आकस्मिक व्यवस्थापन गर्ने कार्यका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

६९. कृषक र उद्यमीलाई व्यवसायिक कृषिको लागि कृषि सामग्रि, ढुवानीको लागि वाहन लगायतका कृषियन्त्र र भौतिक पुर्वाधार (तरकारी र फलफूल बजार स्थल निर्माण, मलको व्यवस्थापन, वेयरहाउस कोल्ड स्टोरेज/कोल्ड रुम) स्थापना गर्न अनुदान प्रदान गरिने कार्यलाई निरन्तरता दिन रु.१० करोड ८० लाख बजेट विनियोजन गरेको छु ।

७०. कृषि उत्पादन तथा बजारीकरणको निम्ती महत्वपूर्ण कृषि पकेट क्षेत्र केन्द्रित गरी पालिकाहरुमा कृषि सडक निर्माणलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

७१. डिप ट्युवेल स्यालो ट्युवेलको सुदृढीकरण तथा आधुनिकीकरण र नदीहरुको व्यवस्थापन गरी विद्यमान कृषि सिँचाई प्रणालीहरुको क्षमता अभिवृद्धि कार्यलाई निरन्तरता दिइ स्थानीय स्तरमा रहेका साना सिँचाई पूर्वाधारहरु लाई समुदायबाटै व्यवस्थापन हुने गरी संचालनमा ल्याउन रु.१० करोड २० लाख बजेट विनियोजन गरेको छु ।

७२. विपन्न गरिब तथा सामाजिक रुपमा पछाडी परेका साना कृषकहरुको लागि स्वरोजगारमूलक विशेष पशुपन्छी तथा मत्स्यपालन कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

७३. आकस्मिक पशुपन्छी तथा मत्स्य महामारी रोग नियन्त्रण तथा उपचार कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

(च) उद्योग, पर्यटन वन तथा वातावरण संरक्षण

७४. आगामी आर्थिक वर्षमा नेपाल सरकार स्थानीय तह, अन्तर्राष्ट्रिय संघसंस्था लगायत सरोकारवालासंगको सहकार्यमा चुरे संरक्षणका लागि विशेष पहल गरिनेछ । यसका लागि आकस्मिक भुसंरक्षण एवम एकीकृत भुसंरक्षण तथा पर्यापर्यटनको लागि रु १८ करोड ३६ लाख विनियोजन गरेको छु ।

७५. वातावरणीय अनुकुलतालाई दृष्टिगत गर्दै सडक किनार ग्रिन वेल्ट तथा आसपास क्षेत्रमा फलफुल लगायत अन्य वृक्षारोपण कार्यलाई अभियानको रुपमा सञ्चालन गर्न रु ७ करोड ३८ लाख विनियोजन गरेको छु ।

७६. जनआन्दोलन जनयुद्ध, मधेश जनविद्रोह लगायत लोकतान्त्रिक आन्दोलनका योद्धाहरुको सम्मानमा स्मृति पार्क निर्माण गर्नका लागि रु १ करोड विनियोजन गरेको छु ।

७७. प्रदेशका प्रत्येक निर्वाचन क्षेत्रमा एक जलाशय/पोखरीको संरक्षण सम्बर्द्धन एवम् व्यवस्थापनको लगि रु ३२ करोड विनियोजन गरेको छु ।

७८. निर्माणाधिन मठ, मन्दिर ,गुम्बा ,मस्जिद, कब्रगाह लगायत धार्मिक/सांस्कृतिक सम्पदाको संरक्षण सम्बर्द्धन एवम् निर्माणको लागि रु १८ करोड विनियोजन गरेको छु ।

७९. ग्रामीण पर्यटन प्रवर्द्धन एवम् आर्थिक आत्मनिर्भरताको मार्गप्रशस्त गर्न होमस्टे कार्यक्रम संचालनको लागि रु १ करोड विनियोजन गरेको छु ।

८०. पौराणिक, ऐतिहासिक, सांस्कृतिक सम्पदा सम्पन्न यस प्रदेशका सम्पदाहरुको संरक्षण एवम् पर्यटकीय गन्तव्यको रुपमा विकसित गर्न पर्यटकीय पूर्वाधार निर्माण एवम् सम्पदा संरक्षणको लागि रु १५ करोड विनियोजन गरेको छु ।

८१. प्रादेशिक प्रथम पञ्चवर्षिय योजनाले प्रक्षेपित गरेका प्रमुख पर्यटकीय गन्तव्यहरुको पूर्वाधार विकास एवम् सौन्दर्यकरणका लागि रु १५ करोड विनियोजन गरेको छु ।

८२. हरित एवम् स्वच्छ प्रदेशको परिकल्पनालाई साकार पार्न प्रदेशका ६४ वटै निर्वाचन क्षेत्रमा हरित पार्क निर्माणका लागि रु १६ करोड विनियोजन गरेको छु ।

८३. प्रदेशमा आउने पर्यटकहरुलाई लामो समयसम्म बस्ने वातावरण बनाउन ज्ष्लष्बतगचभ या ल्भउर्बा सहितको पर्यटकीय पूर्वाधार भएको नेपालको आँखी झ्याल स्थापना तथा निर्माणका लागि रु ४ करोड विनियोजन गरेको छु ।

८४. आन्तरिक तथा वाह्य पर्यटकलाई आकर्षित गरी पर्यटन प्रवर्द्धन गर्न सुविधा सम्पन्न क्लयध ऋष्तथ ँगल एबचप निर्माणका लागि रु १० करोड विनियोजन गरेको छु ।

(छ) भौतिक पूर्वाधार विकास

८५. प्रादेशिक सडक सञ्जालको सन्तुलित विकासको आधारको रुपमा रहेको प्रदेशको प्रत्येक निर्वाचन क्षेत्रमा ५ किलोमिटर पक्की सडक निर्माण कार्यलाई निरन्तरता दिदै रु ६७ करोड २० लाख विनियोजन गरेको छु ।

८६. क्रमागत आयोजनाको रुपमा स्वीकृत एवम् श्रोत सुनिश्चितता भईसकेका सडक पुलका आयोजनाहरु सम्पन्न गर्न यथेष्ट बजेट विनियोजन गरेको छु ।

८७. प्रदेशमा सञ्चालनमा रहेका दलित गरिब आवास निर्माण कार्यलाई निरन्तरता दिँदै सो कार्यका लागि निरन्तरता दिन रु ८ करोड विनियोजन गरेकोछु ।

८८. प्रदेशका विपन्न नागरिकलाई लक्षित गरी सुरक्षित आवास उपलब्ध गराउन स्वर्गीय महेन्द्र नारायण निधी आवास योजनाको शुभारम्भको लागि रु २० करोड विनियोजन गरेको छु ।

८९. कृषि निर्भर अर्थतन्त्रको रुपमा रहेको प्रदेशको कृषि विकासलाई दृष्टिगत गर्दै किसानको खेतीवारीमा सिंचाई उपलब्ध गराउन मझौला सिचाई आयोजनाहरुको निर्माणलाई प्राथमिकतामा राखी रु ४१ करोड विनियोजन गरेको छु ।

९०. अतिवृष्टिका कारण उत्पन्न हुने बाढी पहिरो जस्ता समस्याहरुलाई सम्बोधन गर्ने दृष्टिकोणले नदी नियन्त्रणको लागि रु ३० करोड विनियोजन गरेको छु ।

९१. प्रदेशका प्रत्येक स्थानीय तहको वडादेखि पालिकाको केन्द्र/सदरमुकाम जोडने सडक निर्माण तथा ढलान कार्यको लागि रु ६८ करोड विनियोजन गरेको छु ।

९२. निरन्तरता पाएका सार्वजनिक निर्माण सम्बन्धी अधुरो आयोजनाहरु तथा अन्य सार्वजनिक निर्माण कार्यको लागि रु २० करोड विनियोजन गरेको छु ।

९३. मधेश भवनभित्र सुबिधा सम्पन्न सेवाग्राही मैत्री प्रशासकीय भवन निर्माण गर्न रु ५ करोड विनियोजन गरेको छु ।

९४. मुख्यमन्त्री स्वच्छता अभियान अन्तर्गत विगतमा सञ्चालित तथा स्रोत सुनिश्चितता भएका क्रमागत आयोजनाहरुलाई सम्पन्न गर्न रु ३१ करोड विनियोजन गरेको छु ।

९५. जनताको हक र अधिकारको लागि संघर्ष गर्नु भएका अथक योद्धा स्वर्गीय रामराजा प्रसाद सिंह, स्वर्गीय गजेन्द्र नारायण सिंहको सालिक स्थापनाका लागि रु ४ करोड विनियोजन गरेको छु । साथै शहिद दुर्गानन्द झा को शालिक निर्माण कार्यलाई निरन्तरता दिन रु. २ करोड विनियोजन गरेको छु ।

९६. प्रजातन्त्र सेनानी देव नारायण यादव स्मृति पार्क सौन्दर्गीकरणको लागि रु २ करोड विनियोजन गरेको छु ।

(ज) शान्ति सुरक्षा सञ्चार तथा विपद व्यवस्थापन

९७. सूचना तथा सामाचारको संप्रेषणलाई व्यवस्थित बनाउन "प्रदेश मुद्रण छापाखाना" स्थापना कार्यलाई निरन्तरता दिदै कार्य सम्पन्नका लागि रु २ करोड विनियोजन गरेको छु ।

९८. विपद्को अवस्थामा राहत एवम् व्यवस्थापनको लागि ईभ्याकूएसन केन्द्र निर्माण गर्न रु ५ करोड विनियोजन गरेको छु ।

९९. शान्ति सुरक्षाको क्षेत्रलाई सुव्यवस्थित बनाउन प्रदेश प्रहरी कार्यालय तथा मातहतका जिल्ला प्रहरी कार्यालय/ईलाका प्रहरी कार्यालय/प्रहरी चौकी/ट्राफिक/तालिम केन्द्र लगायतका निकायहरुको पूर्वाधार निर्माणका लागि रु ७ करोड ३३ लाख विनियोजन गरेको छु ।

१००. सशस्त्र प्रहरी वल तथा मातहतका सीमा सुरक्षा वलहरुको कार्यालयको पूर्वाधार निर्माणका लागि रु १ करोड ३५ लाख विनियोजन गारेको छु ।

१०१. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि जनचेतना कार्यक्रम संगै खोज तथा उद्दार कार्य एवम् विपद् व्यवस्थापन सम्बन्धी गोदाम घर निर्माण लगायतका पूर्वाधार निर्माणकालागि रु १ करोड ७२ लाख विनियोजन गरेको छु ।

१०२. लागु औषध विरुद्धको अभियानलाई निरन्तरता दिदै स्थानीय तहको सहकार्यमा लागु औषध दुर्व्यसन पुर्नस्थापना केन्द्र स्थापनार्थ रु १ करोड ९० लाख विनियोजन गरेको छु ।

१०३. मधेश आन्दोलनका सहिद परिवारहरुलाई भरणपोषण भत्ता तथा मधेश सहिद स्मारक पार्क निर्माण एवम् पर्सामा निर्माणाधीन अधुरो निर्माण कार्य पुरा गर्न रु १ करोड ७५ लाख विनियोजन गरेको छु ।

१०४. मधेश आन्दोलनका घाइतेहरु तथा मधेश आन्दोलनबाट पीडितहरुको तथ्यांक संकलनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०५. मधेश आन्दोलनका शहिदहरुको सन्तानलाई अध्ययन छात्रवृत्ति तथा सहिद परिवारलाई रोजगारमुलक तालिम प्रदान गर्नको लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१०६. सञ्चार क्षेत्रको संस्थागत विकासलाई प्राथमिकता दिदै मिडिया काउन्सिल, आमसञ्चार प्राधिकरण एवम् चलचित्र तथा लोक सञ्चार प्रवर्द्ध बोर्डको लागि रु ५करोड विनियोजन गरेको छु ।

१०७. आमनागरिकको सुसुचित हुने अधिकारको सुनिश्चिततालाई टेवा पुर्याई सुचनाको हकको प्रत्याभुति गराउन लोककल्याणकारी विज्ञापन कार्यक्रममा रु २ करोड विनियोजन गरेको छु ।

(झ) सामाजिक सुरक्षा

१०८. दलित सशक्तिकरण ऐनको आधारमा दलित विकास समिति गठन भई कार्य सञ्चालनमा आईसकेकोले उक्त समितिको लागि रु २ करोड विनियोजन गरेको छु ।

१०९. सामाजिक एवं आर्थिक रुपमा सबभन्दा सीमान्त जीवन व्यतीत गर्ने दलित समुदायको स्वास्थ्य सुविधाको सुनिश्चितताको लागि दलित समुदाय स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गरिनेछ। यसका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

११०. दलित सशक्तिकरण कार्यक्रमलाई प्राथमिकता दिदै दलित छात्रावास निर्माणको लागि रु ८ करोड विनियोजन गरेको छु।

१११. मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियानलाई निरन्तरता दिन रु २० करोड विनियोजन गरेको छु ।

(ढ) सार्वजनिक सेवा प्रवाह, सुशासन तथा राष्ट्रसेवक

११२. प्रदेश निजामति सेवा ऐन जारी भई प्रदेश लोक सेवा आयोगबाट पदपुर्तीको प्रक्रिया सुरुवात भईसकेको छ। यसबाट प्रदेशका विभिन्न निकायहरुमा रिक्त हुने पदहरु समयमै पुर्ति भई सेवा प्रवाह तथा विकास निर्माण कार्यमा सहज हुनेछ । प्रदेश लोक सेवालाई स्रोत साधन सम्पन्न बनाउन रु १० करोड विनियोजन गरेको छ।

११३. प्रदेश सरकारका कर्मचारीहरु तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुको सीप दक्षता क्षमता अभिवृद्धि गर्न ग्रामिण विकास प्रशिक्षण केन्द्रलाई आवश्यक बजेट विनियोजन गरेको छु ।

११४. विनियोजन दक्षता अभिवृद्धि गर्दै निकासा प्रणालीलाई सरल, सहज र व्यवस्थित बनाई आर्थिक पारदर्शिता कायम गर्न प्रदेश लेखा नियन्त्रक कार्यालय अन्तर्गत रहने गरी कम्तिमा तीन स्थानमा प्रदेश लेखा ईकाई कार्यालय स्थापनाका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

११५. प्रदेशमा सञ्चालित आयोजनाहरुलाई समयमा सम्पन्न गर्नका लागि आयोजना प्रमुख र लेखा उत्तरदायी अधिकृतबीच कार्य सम्पादन सम्झौता गर्ने प्रक्रियाको सुरुवात गरी कार्य सम्पादनलाई मूल्याङ्कनको आधार बनाईनेछ ।

११६. सार्वजनिक खर्चलाई प्रभावकारी बनाउन चालु खर्चलाई मित्तव्ययी र पुँजीगत खर्च बढाउने गरी बजेट विनियोजन गरेको छु ।

११७. प्रदेशमा सञ्चालन हुने निर्माणसँग सम्बन्धित आयोजना तथा कार्यक्रमहरुको गुणस्तर परीक्षण गरी निर्माण कार्यलाई दिगो बनाउने उद्देश्यले प्राविधिक प्रीक्षण प्रयोगशालाको स्थापना गर्न रु १ करोड विनियोजन गरेको छु ।

११८. सार्वजनिक सेवालाई सर्वसुलभ, छरितो र प्रविधिमैत्री बनाईनेछ । साथै आयोजना कार्यान्वयनको प्रभावकारी अनुगमन प्रणाली तयार गरी लागु गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

११९. प्रदेश सरकारका निकायमा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्धि गर्न तालिम प्रदान गरिने कार्यलाई निरन्तरता दिनुका साथै स्थानीय तहमा कार्यरत जनशक्तिहरुको क्षमता विकासका कार्यक्रमहरु समेत सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

१२०. नेपाल सरकारबाट राष्ट्सेवक कर्मचारीहरुको मनोबल उच्च बनाउन सुनिश्चित गरेको तलब बृद्धिलाई प्रदेश सरकारका सार्वजनिक निकायमा कार्यरत निजामती कर्मचारीहरुको लागि समेत लागु हुने गरी बजेट व्यवस्थापन गरेकोछु । साथै चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेको आन्तरिक पर्यटन कार्यक्रमलाई आ.व. २०७८ । ७९ मा समेत निरन्तरता दिएको छु ।

बाँकी पृष्ठ ६ मा

राष्ट्रिय साप्ताहिक मधेशवाणी



# मुख्यमन्त्रीलाई प्रदेश प्रमुखको स्मरण पत्र



माननीय मुख्यमन्त्रीज्यू,
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं. २, जनकपुरधाम ।

विषय: स्मरण गराईएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा माननीय मुख्यमन्त्रीज्यूबाट प्रदेश नं २ को वर्तमान मन्त्रिपरिषदका केही सदस्यहरुलाई हालसालै पदमुक्त गरिएको, केही सदस्यहरुको जिम्मेवारी हेरफेर गरिएको तथा केही नयाँ सदस्यहरु नियुक्त गरी मन्त्रिपरिषद पुनर्गठन गरिएको परिप्रेक्षमा यो स्मरणपत्र लेखिएको छ । नेपालमा संघीयता, समानुपातिकता तथा समावेशी शासन व्यवस्था निर्माण गर्ने कार्यमा यस प्रदेशका सयों नागरिकहरुले सहादत प्राप्त गरेको तथा न्यायपूर्ण समाजको निर्माणको लागि विगतमा भएका जनआन्दोलनहरुमा यस प्रदेशले नेतृत्वदायी भूमिका खेलेको गौरवपूर्ण इतिहासलाई स्मरण गर्दै म यस प्रदेशको प्रमुख मात्र नभै नागरिक समेत भएको हुँदा प्रदेश सरकारको मन्त्रिपरिषदको पुनर्गठनको सन्दर्भमा देहायका विषयहरु स्मरण गराउन चाहन्छु।

१) नेपालको संविधानले सबै प्रकारको वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको कुरा संविधानको प्रस्तावनामा नै स्पस्टसँग लेखिएको छ । त्यसैगरी संविधानको धारा ४२ मा रहेको सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रुपले पछाडि परेका महिला, दलित, आदिवासी, आदिवासी जनजाती, मधेशी, थारू, अल्पसंख्यक अपांगता भएका व्यक्ति, सीमान्तकृत मुस्लिम, पिछडा वर्ग, लैङ्गिक तथा यौनिक अल्पसंख्यक, युवा, किसान, श्रमिक, उत्पीडित वा पिछडिएका क्षेत्रका नागरिक तथा आर्थिक रुपले विपन्न खस आर्यलाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको निकायमा सहभागिताको हक हुनेछ भन्ने व्यवस्था गरेको छ। संविधानले गरेको यस प्रकारको व्यवस्था राज्यका हरेक निकाय र प्रक्रियामा अनिवार्य रुपमा अवलम्बन गरिनुपर्छ भन्ने कुरामा कुनै विवाद हुन सक्दैन।

२) प्रदेश मन्त्रिपरिषदका सदस्यहरु प्रदेश सभाको सदस्य हुनुपर्ने संवैधानिक व्यवस्था रहेकोमा प्रदेश सभाको गठन विधि नै समानुपातिक समावेशी सिद्धान्तमा आधारित रहेको छ । प्रदेश सभाको गठन गर्दा ४० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित हने र समानुपातिक निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा राजनीतिक दलले उम्मेदवारी दिदा जनसंख्याको आधारमा महिला, दलित, आदिवासी जनजाति, खस आर्य, मधेशी, थारु, मुस्लिम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतबाट बन्द सूचीको आधारमा प्रतिनिधित्व हुने तथा प्रदेश सभामा प्रतिनिधित्व गर्ने प्रत्येक राजनीतिक दलबाट निर्वाचित कुल सदस्य संख्याको कम्तिमा एक तिहाई सदस्य महिला हुनुपर्ने लगायतका व्यवस्थाहरु संविधानको धारा १७६ मा रहेको छ। यसरी प्रदेश सभा समानुपातिक समावेशी रहेकोमा उक्त सभाका सदस्यहरुबाट मन्त्रिपरिषदको सदस्य नियुक्त गर्दा उक्त समानुपातिक समावेशी स्वरुप प्रतिविम्वित हुनुपर्छ भन्ने तथ्य निर्विवाद रुपमा स्थापित छ।

३) प्रदेश नं २ को सामाजिक साँस्कृतिक र जनसांख्यिक बनोट आफैमा विविधताले भरिपूर्ण रहेको छ । गौरवपूर्ण इतिहास र विरासत बोकेको यस पुण्य भूमिमा मूलतः मधेशी मुलका नागरिकहरुको बसोबास रहेको भएतापनि गैरमधेशी जनकपुरधाम, धनुषा पहाडी मुलका नागरिकहरुको पनि उल्लेख्य बसोबास रहेको छ। पुस्तौपुस्ता देखी मधेशको यस भुमिमा बसोबास गरी यहाँको धर्तिलाई सिञ्चित गर्दै आएका गैरमधेशी समुदाय, फरक धार्मिक आस्था राख्ने भएतापनि यहाँको धर्तिपुत्रको रुपमा रहेका मुस्लिम समुदाय, सदियौदेखी सीमान्तिकरण र वञ्चितिकरणको शिकार बन्दै आएका दलित समुदाय तथा आधा आकाश ढाक्ने महिला रहेको यस प्रदेशको मन्त्रिपरिषदमा उल्लेखित. जाति समुदाय र वर्गको अनुहार प्रतिविम्वित हुनुपर्छ भन्ने कुरामा कुनै द्विविधा हुन सक्दैन ।

४) नेपालको इतिहासमा भएका विगतका सबै न्यायपूर्ण आन्दोलन र क्रान्तिमा यस प्रदेशको नेतृवदायी भूमिका रही आएको कुरा हामी सबैलाई सर्वविदितै छ । विशेष गरी देशमा संधियता र समावेशिताको सिद्धान्त स्थापित गर्नको लागि यस प्रदेशको नेतृत्वदायी भूमिका रहेको छ। संधियता र समावेशिता स्थापित गर्नको लागि यस प्रदेशका सयौ सपुतहरुले आफ्नो अमूल्य जिवनको बलिदानी दिएका छन्, सयौं युवाहरु जेलमेल हुनु परेको लाखौं विस्थापित/विदेशिनु परेको छ। हजारौ नागरिकहरु घाइते भएका छन्, ठूलो जनधनको क्षति भएको छ । ति अमूल्य बलिदानीको जगमा निर्माण भएको संधियताको अभ्यास गर्ने क्रममानै हामीले समावेशिता र समानुपातिकताको मर्मलाई आत्मसात गर्न सकेनौ भने निश्चयनै ति वीर शहिदहरु प्रति अपमान र अन्याय हुन जान्छ । मन्त्रिपरिषदको गठन राजनीतिक समिकरणको जोडघटाउमा मात्र आधारित नभै शहिदहरुको बलिदानी र त्यागले स्थापित समावेशिता र समानुपातिकताको सिद्धान्तमा आधारित हुनुपर्छ भन्ने सबै प्रदेशवासीको विश्वास हो भन्ने कुरामा कुनै दुईमत हुन सक्दैन ।

५) नेपालको संविधानको धारा १६८(९) मा प्रदेश प्रमुखले मुख्य मन्त्रीको सिफारिशमा प्रदेश सभाका सदस्य मध्येबाट समावेशी सिद्धान्त बमोजिम जनकपुरधाम, धनुषा मुख्यमन्त्री सहित प्रदेश सभाका कुल सदस्य संख्याको बीस प्रतिशत भन्दा बढी नहने गरी प्रदेश मन्त्रिपरिषद गठन गर्नेछ भन्ने व्यवस्था गरेको छ। संविधानको उपरोक्त व्यवस्था अनुसार प्रदेश मन्त्रिपरिषदको गठन गर्दा समावेशी सिद्धान्तको अवलम्वन गर्नु संविधानतः अनिवार्य रहेको देखिन्छ । प्रदेश मन्त्रिपरिषदको गठन माननीय मुख्यमन्त्रीज्यूको सिफारिस बमोजिमनै हुने भएतापनि प्रदेश प्रमुखको हैसियतमा मैले गर्ने भएकोले मन्त्रिपरिषदको स्वरुप संविधान बमोजिम भए नभएको भन्ने सवालमा मेरो चासो र सरोकार स्वभाविक र जायज भएकोले यो स्मरणपत्र लेखिएको हो।

अन्तमा, यस प्रदेश नं. २ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापनामा उल्लेख्य योगदान पुर्याएको कुरा सर्वविदितै छ । प्रदेश भित्रको जनघनत्व र सामुदायिक उपस्थितिलाई सरकार भित्र प्रतिनिधित्व गराउनु प्रदेश सरकारको जिम्मेवारी र दायित्व पनि हो । प्रदेश भित्रका महिला, दलित, आदिवासी, गैरमधेशी लगायतका पक्षलाई समानुपातिक समावेशी उपस्थिति तर्फ विशेष पहल गर्न स्मरण गराइन्छ ।

जनताको त्याग संघियता माथिको आस्था र संविधान माथिको विश्वासलाई थप प्रगाढ गर्न र हालको व्यवस्थालाई थप बलियो बनाउन प्रदेश सरकारले संविधानको मूल भावनाको अनुकूल व्यवहार गर्न यो स्मरण पत्र लेखिएको छ ।

डा.राजेश झा 'अहिराज'
प्रदेश प्रमुख

# निषेधाज्ञा खुकुलो भएपछि बाँकेको जनजीवन सहज बन्दै

नेपालगञ्ज । बाँकेमा निषेधाज्ञा खुकुलो भएपछि यहाँको दैनिक जनजीवन सहज बन्दै गएको छ । निषेधाज्ञाको शुरुआती चरणमा औषधि, किराना, खाद्यान्न तथा तरकारीलगायत अत्यावश्यक वस्तुका पसलमात्र खोल्न दिइएकामा गत एक सातादेखि सबैखाले पसल खोल्न अनुमति दिइएको छ । बाँकेका प्रमुख जिल्ला अधिकारी शिवराम गेलालका अनुसार, बिहान ७ देखि अपराह्न २ बजेसम्म सबैखाले पसल खोल्न दिने सहमति नेपालगञ्ज उद्योग वाणिज्यसँग भएको छ । एक सातायता कपडा, हार्डवेयर, भाँडाकुँडा, विद्युतीय उपकरण, कम्प्युटर, स्टेशनरी, घर निर्माण सामग्रीलगायत पसल खोल्न दिइएको छ भने विवाह, व्रतबन्धलगायत धार्मिक गतिविधिलाई पनि सहज बनाइएको छ । पन्ध्र जनासम्म जम्मा भएर विवाह र व्रतबन्धजस्ता धार्मिक गतिविधि गर्न अनुमति दिइएको प्रजिअ गेलालले जानकारी दिए । यहाँका होटेल व्यवसाय, रेष्टुरेन्ट, मठमन्दिर, गुम्बा, मस्जिद, चर्च, सिनेमाघर सार्वजनिक यातायात भने बन्दकै अवस्थामा छन् । यी व्यवसाय दुई महिनादेखि बन्दकै अवस्थामा रहेकाले यसका व्यवसायीलाई आर्थिक नोक्सानीको हिसाबले नराम्ररी चिमोट्ने गरेको होटेल व्यवसायी सङ्घ, बाँकेका अध्यक्ष भीमलाल कँडेलको भनाइ छ । सङ्घका अध्यक्ष अव्दुलवाहिद मन्सुरीले निषेधाज्ञाको समयमा उद्योगी, व्यापारीले भोग्नुपर्ने आर्थिक घाटालाई सरकारले सम्बोधन गर्नुपर्ने बताए । सङ्घको तथ्याङ्कअनुसार, बाँकेमा सानाठूला गरी झण्डै पाँच हजारभन्दा बढी उद्योग, व्यवसाय सञ्चालनमा छन् । निषेधाज्ञाका कारण प्रायः सबै व्यवसायीले धेरथोर व्यापार घाटा सहनु परेको छ ।

अर्कोतर्फ पर्यटन गन्तव्यको केन्द्रविन्दुको प्रमुख आधारका रूपमा रहेको यहाँको पर्यटन व्यवसाय पनि कोरोना महामारीपछि जारी निषेधाज्ञाको प्रभावमा परेको छ । नेपालगञ्ज हुँदै कैलाश मानसरोवर, बाँके र बर्दिया राष्ट्रिय निकुञ्ज, प्युठानको स्वर्गद्वारी आश्रम, मुगुको रारा ताल, डोल्पाको शे-फोक्सुण्डो ताल जाने पर्यटक आउने अवस्था अहिले ठप्प छ ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुर्‍याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं. २, धनुषा, नेपाल
इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### पर्यटनमन्त्री र प्रदेश प्रमुखबीच भेटवार्ता

जनकपुरधाम । गृहजिल्ला धनुषा भ्रमणको क्रममा रहेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री उमाशंकर अरगरिया र प्रदेश २ का प्रदेश प्रमुख डा.राजेश अहिराजबीच भेटवार्ता भएको छ । प्रदेश प्रमुख डा.अहिराजले पर्यटनमन्त्री अरगरियालाई प्रदेश प्रमुख कार्यालयमा स्वागत गर्दै खादा र मिथिला संस्कृतिको टोपी लगाएर सम्मान गरेका थिए । जनकपुरधामस्थित ऐतिहासिक धार्मिक स्थल जानकी मन्दिरलाई विश्व सम्पदा सूचिमा राख्न मन्त्री अरगरियाले अध्ययनका लागि समितिसमेत बनाएका छन् । सोही विषयमा प्रदेश प्रमुखसँग छलफल गर्न मन्त्री अरगरिया प्रदेश प्रमुखको कार्यालय पुगेका थिए । भेटका क्रममा धार्मिक पर्यटन, प्रदेशको विकास, मधेसको धार्मिक पर्यटन गन्तव्य जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्ने सम्बन्धी साथ, सहयोग र पहल गर्ने विषयमा छलफल भएको मन्त्री अरगरियाले निकट स्रोतले बताए । साथै, प्रदेश प्रमुख डा.अहिराजले मधेशको विकास र जानकी मन्दिरलाई विश्व सम्पदा सूचीमा राख्न आफूले सक्दो पहल गर्ने प्रतिबद्धतासमेत जनाएका थिए ।

### जनकपुरमा अक्सिजन उद्योग

जनकपुरधाम । बढदै गएको कोभिड-१९ संक्रमणको उपचारका लागि अत्यावश्यक पर्ने अक्सिजन प्लान्ट जनकपुरधाममा संचालनमा आएको छ । निजीस्तरमा जनकपुरधाम-२३ लादो बेलामा खोलिएको अक्सिजन प्लान्टको मुख्यमन्त्री लालबाबु राउतले उद्घाटन गर्दै शुभारम्भ गरे । प्लान्ट उद्घाटन समारोहमा मुख्यमन्त्री राउतले कोभिड माहामारीसँग जुध्न महत्वपूर्ण रहेको अक्सिजन उत्पादन सुरु गरेकोमा उद्योगका सञ्चालकलाई धन्यवाद दिँदै जनकपुर क्षेत्रमा अब अक्सिजनको अभाव नहुने बताए । अक्सिजन अभावमा जनकपुरसहित धनुषा जिल्लामा कयौं बिरामीको मृत्यु भइसकेपछि सुनिल साहले आफ्नो एसआरजे ग्रुपबाट निजीस्तरमा अक्सिजन प्लान्ट स्थापना गरेका हुन् । करिब ७ करोडको लागतमा निर्मित अक्सिजन प्लान्टबाट दैनिक साढे ४ सय सिलिण्डर अक्सिजन उत्पादन हुने बताइएको छ । धनुषामा एसआरजे ग्यास उद्योगसहित दुईवटा अक्सिजन उद्योग छन् । यसअघि ढल्केवर ग्यास उद्योग संचालनमा छ ।

### निजी अस्पतालमा ओपीडी सेवा सुरू हुँदै

पर्सा । पर्सामा कोरोना संक्रमण कम हुँदै गएपछि निजी स्वास्थ्य संस्थाहरूले ओपीडी सेवा सुरु गर्न लागेका छन् । वीरगंज महानगरपालिका-१४, बहुअरीस्थित रहेको स्पर्श मल्टिस्पेसियालिटी हस्पिटलले ओपीडी सेवा सञ्चालन गर्न लागेको जनाएको छ । कोरोना महामारीलाई मध्यनजर गर्दै स्थानीय जनप्रतिनिधिको आग्रहमा कोरोना संक्रमितहरूको उपचारका लागी वैशाख २६ गतेदेखि सञ्चालनमा ल्याएको यस हस्पिटलले ६६ जना कोरोना संक्रमितको उपचार गरेको थियो । जसमध्ये ४८ जना निको भएर घर फर्किए भने उपचारको क्रममा १४ जनाको मृत्यु भएको थियो । हाल चार जना उपचाररत रहेको अस्पतालका निर्देशक डा. निमेश पालले बताए । हस्पिटलका प्रबन्ध निर्देशक डा. महेश्वर कुर्मीले संक्रमितको संख्या घट्दै गएपछि नियमित रुपमा हस्पिटल सञ्चालन गर्न लागिएको जानकारी गराए ।

### बाँकेमा पहिलोपटक चैते धान

बाँके । बाँकेका किसान पहिलो पटक चैते धान उत्पादन गर्न सफल भएका छन् । बर्खे धानभन्दा चैते धान उत्पादनमा दोब्बर बृद्धि भएको किसानहरुले अनुमान गरेका छन् । उत्पादन देखेर गाँउका अन्य किसान पनि अकार्षित भएका छन् । पश्चिम तराईको बाँके र बर्दिया जिल्लालाई अन्नको भण्डार भनेर चिनिन्छ । बर्दियाका किसानहरु एक दशक अघिदेखि चैते धानतर्फ आकर्षित भए पनि उत्पादन लिन सकिरहेका थिएनन् । यो वर्ष भने बाँकेका किसानले चैते धान फलाउन सफल भएका छन् । राष्ट्रिय गौरवको अयोजनाले नहरमा पानी आउन थाले चैते धान लगाउन किसान उत्साही भएका थिए । नहरमा १२ महिना पानी आउन थालेपछि किसानहरुलाई कृषि ज्ञान केन्द्र बाँकेले मल र धानको बिउ उपलब्ध गराएको थियो । चैते धान फलाउन सफल बैजानाथ गाँउपालिका ८ झिंगौराका किसान अजित कुमार सुनारले यो वर्षको परीक्षण सफल भएकाले अर्को वर्षदेखि थप जमिनमा धान रोप्ने सोच बनाएको बताए ।

### रौतहटमा कोरोना संक्रमण र मृत्यु दर घट्दै

रौतहट । रौतहटमा पछिल्लो केही दिनदेखि कोरोना संक्रमित तथा कोरोनाको कारण मृत्यु हुनेको दर घट्दै गएको छ । लगातारको निषेधाज्ञा र सतर्कताको कारण संक्रमण तथा मृत्यु हुनेको संख्यामा कमी आएको हो । रौतहटमा बुधवार थप ८ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । जिल्ला अस्पतालमा विगत २४ घण्टामा ७३ जनाको पिसिआर परीक्षण गर्दा ८ जनामा कोरोना संक्रमणको पुष्टि भएको हो । विगत २४ घन्टामा कोरोना संक्रमणको कारण जिल्ला भित्र तथा बाहिर कुनै बिरामीको मृत्यु नभएको जिल्ला प्रशासनको तथ्यांकमा उल्लेख रहेको छ । हाल रौतहटमा कुल १ सय ३२ जना सक्रिय संक्रमित रहेका छन् । कोरोना संक्रमणका कारण हालसम्म जिल्लामा ५३ जना र अन्य जिल्लामा ६३ जना गरि रौतहटका १ सय १६ जनाले हालसम्म ज्यान गुमाइसकेको सिडियो इन्द्रदेव यादवले जानकारी दिए । रौतहटमा कोरोना संक्रमण दर घटेपनि नयाँ भेरिएण्टको जोखिम कायम रहेको भन्दै डीसीसीएमसीको निर्णय अनुसार जिल्ला प्रशासन कार्यालय रौतहटले अगामी ७ गते राती १२ बजेसम्म निषेधाज्ञा जारी गरेको छ ।

### गाँजासहित एक जना पक्राउ

पर्सा । पर्साको वीरगञ्जबाट प्रहरीले ६५ किलोग्राम लागुऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । प्रहरीका अनुसार पक्राउ पर्नेमा मकवानपुर, मनहरी गाउँपालिका-६ बस्ने ५१ वर्षीय रामकुमार मोक्तान रहेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका डीएसपी ओमप्रकाश खनालका अनुसार चेक जाँचका क्रममा वीरगञ्ज-१८ भवानीपुर सडक छेउबाट उनलाई पक्राउ गरिएको हो । प्रहरीले सडकछेउ रोकिराखेको बागमती प्रदेश-०१-००६ ख १८२८ नम्बरको ट्रकमा खानतलासी गर्दा ४ वटा प्याकेटमा ६५ किलो गाँजा बरामद गरेका छ । अहिले यो विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

### १५ किलो गाँजासहित चार जना पक्राउ

बाँके । राप्ती सोनारी गाउँपालिका-६ मोहनपुरबाट करिब १५ किलो अवैध लागूऔषध गाँजा सहित सोही ठाउँ बस्ने ३२ वर्षीय गुप्त बहादुर बिक समेत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ । आइतबार साँझ भे.१ ह २७१५ नम्बरको अटोलाई लागूऔषध नियन्त्रण व्यूरो नेपालगंजबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा अटोमा लुकाई ल्याउँदै गरेको उक्त गाँजा सहित फेला पारी चालक विक समेत अटो सवार उनीहरुलाई पक्राउ गरेको हो ।

### मोटरसाइलकको ठक्करबाट मृत्यु

कैलाली । धनगढी उपमहानगरपालिका-३ ट्राफिक चौराहमा से.५ प २६७१ नम्बरको मोटरसाइकलको ठक्करबाट साइकलयात्री भजनी नगरपालिका-१ बस्ने ४६ वर्षीयि सादुराम डगौराको मृत्यु भएको छ । आइतबार साँझ ठक्करबाट गम्भीर घाइते भएका उनको सेती प्रादेशिक अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते मोटरसाइकल चालकलाई सोही अस्पताल हुँदै थप उपचारका लागि लागि माया मेट्रो अस्पताल धनगढी तथा मोटरसाइकलमा सवार १ जनालाई थप उपचारका लागि निसर्ग अस्पताल धनगढी पठाइएको छ । घाइते दुबै जनाको अवस्था गम्भीर रहेको छ । घाइते भएका साइकलयात्री उपचार पश्चात डिस्चार्ज भएका छन् ।

### कटुवा पेस्तोल र गोलीसहित युवक पक्राउ

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-१ आनन्दबाग कैलाश टोल बस्ने मैसिन भन्ने ३३ वर्षीय पूर्ण वीर पाल्पाली(कुम्हाल)लाई १ थान एकनाले कुटुवा पेस्तोल र २ थान जंगी राउण्ड गोली सहित शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । कपिलवस्तु नगरपालिका-१ बस्ने दिपक पाण्डेयलाई यही जेठ ५ गते साकिर पाखिन समेतले गोली हानी घाईते बनाई कर्तव्य गरी मारेको घटनाको अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले पूर्ण वीरलाई उनकै कोठाबाट उक्त हतियार सहित पक्राउ गरेको हो ।

### खैरोहेरोइनसहित दुई जना पक्राउ

मोरङ । सुनवर्सी नगरपालिका-८ सिक्टीबाट करिब १० ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ । शुक्रबार बेलुका पक्राउ पर्नेहरूमा सुन्दरहरैचा नगरपालिका-९ बस्ने २९ वर्षीय सिर्जन श्रेष्ठ र ४७ वर्षीय दाम बहादुर भुजेल रहेका छन् । प्रदेश १-०२-०४१ प २५४ नम्बरको मोटरसाइकललाई प्रहरी चौकी सिक्टीबाट खटिएको प्रहरीले जाँच गर्नेक्रममा मोटरसाइकलमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो ।

### फरार अभियुक्त १२ वर्षपछि पक्राउ

कैलाली । कर्तव्य ज्यान मुद्दामा संलग्न फरार अभियुक्त टिकापुर नगरपालिका-२ राजुपुर बस्ने ४४ वर्षीय धर्म टमट्टालाई बुधबार प्रहरीले पक्राउ गरेको छ । २०६६ जेठ १४ गते राति धर्म र टिकापुर नगरपालिका-१ बस्ने नबिन जंग शाह समेत ४ जना टिकापुर नगरपालिका-२ खोटेना भुराखानी सामुदायिक वनमा सिकार खेल्न गएको समयमा भरुवा बन्दुक पड्किन गई गोली लागेर नबिन जंगको मृत्यु भएको घटनामा संलग्न रही फरार रहेका उनलाई ईलाका प्रहरी कार्यालय टिकापुरबाट खटिएको प्रहरीले आफ्नै घर ठेगानामा लुकीछिपी बसिरहेको अवस्थामा फेला पारी पक्राउ गरेको हो ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

मोरङ । सात वर्षीया र ४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रतुवामाई नगरपालिका-६ कादुपाडा डेरा गरी बस्ने भारत अररिया सिक्टीग्राम वरुदा-२ घर भएका २० वर्षीय मोहमद अफ्रुदिनलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । मोहमदले दुई जना बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

# मधेशमा बाढीको स्थिति : पूर्वतयारीको आवश्यकता र तरिका



ई.कौशल गोपालवंशी

मधेशमा करिब प्रत्येक साल सयौंको संख्यामा बाढीको कारण आमजनताको मृत्यु हुन्छ। जब हामी विश्वको बाढी जोखिमको कुरा गर्यो भने नेपाल ३१औं बाढी जोखिमपूर्ण स्थानमा छ। नेपालको २५ जिल्ला बाढीले प्रभावित छन्, जसमा मधेशको १९ जिल्ला पर्दछ। अति प्रभावित १८ जिल्लामध्ये १७ जिल्ला मधेशकै हो। अति जोखिमपूर्ण प्रभावित जिल्लामध्ये मधेशको रौतहट र सप्तरी हो। २०२० मा बाढीले १७ लाख जनता प्रभावित थियो जसमा १० लाख मधेशको जनता जति अति-जोखिमपूर्ण प्रभावित थियो। त्यसैले मधेशी जनतालाई बाढी आउनुपूर्वको तयारी पूरा गरेर राख्ने बेला आयो।

बाढी आउनुपूर्वको तयारी कसरी गर्ने ?

कसरी आफ्नो र परिवार, समाजको ज्यान बचाउने ? बाढीको तयारीलाई तीन भागमा बाँडिएको छ।

१. Pre-disaster preparations (बाढी आउनुभन्दा पूर्वतयारी)

२. During disaster preparations (बाढी आएको बेलाको लागि तयारी)

३. Post disaster preparations (बाढी गइसके पछिको तयारी)

१.) Pre-disaster preparations :-

यसमा हामी बाढी आउनुभन्दा पहिलाको तयारीको बारेमा चर्चा गर्छौं। पूर्वतयारीका लागि तलका कार्यहरु गर्नु पर्दछ।

१. नदिमा flood sensor लगाउनु जो कि बाढी आउनुभन्दा पहिला तपाईंका बाढीको जानकारी दिइयोस्।

२. दोस्रो तल्ला छ भने दोस्रो तल्लामा shift हुनुस्।

३. प्रत्येक व्यक्तिका लागि एक सानो झोलामा खाने सामान (चुरा, चिनी, दालमोठ, चाउचाउ, भुजा); प्राथमिक उपचारको बक्सा (हन्ड टेप, झाडापखालाको औषधि, टाउको, ढाँड र पेट दुख्ने औषधि, ज्वरोको औषधि, डिटोल र सर्दी खोकीको औषधि राख्नुस्); टर्च; पावर बैंक, चार्जर; रेडियो; छाता र ६ फिटको प्लास्टिक राखेर झोला सबैले देख्ने ठाउँमा राख्नुस्।

४. आफ्नो आफ्नो घरमा सबैले एक नाउ (ढुंगा) बनाएर राख्नुस्। यदि काठको नाउ बनाउन सकिएन भने बाँस को भए पनि एउटा नाउ बनाएर राख्नुस्। केही पनि गर्न सकिएन भने बाँसलाई बीचबाट चिरेर टाटी जस्तो बनाएर २ लेयर प्लास्टिकले बेर्नु पर्छ।

५. आफ्नो आफ्नो नाउमा रातो रंगको कपडा एउटा लट्ठीमा बाँधेर राख्नुस्, ताकी उद्धार गर्ने बेलामा सजिलो हुन्छ।

६. सबैले आफ्नो घाँटीमा सिट्टि (पिपहि) झुन्डाएर राख्नुस्। किनकि पिपहीले सबभन्दा कम शक्तिले बजाउँदा पनि यसको आवाज धेरै टाढासम्म जन्छ। जसले गर्दा तपाइँ उद्धारको समयलाई बिरामी भएर पनि उद्धारका लागि धेरै टाढाबाट संकेत गर्न सक्नुहुन्छ।

७. प्रत्येक व्यक्तिलाई सरकारले एक-एक ओटा Life Jacket प्रदान गर्नु पर्यो अथवा आफैले किनेर राख्नु पर्दछ।

८. बाढीको समयमा सबभन्दा ज्यादा प्रदुषित पानीको प्रयोगले रोगको लाग्छ। त्यसैले घरको छानामा/अग्लो ठाउँ ट्यांकीमा पानी जम्मा गरेर राख्नु।

२) During disaster preparations

यसमा बाढी आएको बेलाको तयारी/अथवा क्रियाकलापको बारेमा चर्चा गर्छौं। यदि बाढी आयो भने :-

१. सानो झोला, नाउ (ढुंगा), परिवारको सबै सदस्यलाई एक ठाउँमा राखौं। सुरक्षित ठाउँतिर लाग्नुस् (सुरक्षित ठाउँ भन्नाले अग्लो क्षेत्र जहाँ पानी जाने सम्भावना कम होस्)।

३. गर्भवती महिला, वृद्ध, बच्चा र शारीरिक असमर्थता भएको मान्छेमाथि विषेश ध्यान दिँदै सुरक्षित स्थानतिर लग्नुस्।

४. यदि रातिमा बाढी आएको छ भने सुरक्षित स्थान जस्तो धर्मशाला, स्कुल, सरकारी नवनिर्मित कार्यालय, अग्लो ठाउँमा जानुस्। तर रातिमा गाउँभन्दा बाहिर नजानुस्।

५. बाढी आउने बितिकै पिपही अथवा सिट्टी बजाएर सबैलाई जगाउँदै भन्दै सुरक्षित ठाउँतिर भाग्नुहोस्।

३.) Post disaster preparations

Emergence response :-

सबभन्दा पहिला तपाइँ सुरक्षित रहनुस्। त्यसपछि आफ्ना घर र मान्छेलाई सुरक्षित राख्ने कोशिस गर्नुस्। त्यसपछि आफ्नो छिमेकीलाई सुरक्षित राख्ने प्रयास गर्नुस्। अनि त्यसपछि आफ्नो समाजलाई सुरक्षित राख्ने तर्फ कदम अगाडि बढाउनुस्।

उद्धार कार्यमा सबभन्दा पहिला गर्भवती, बच्चा, आपाङ्ग, जेष्ठ नागरिक तथा शारीरिक अशक्त यादिलाई प्राथमिकता दिनु पर्छ।

सबभन्दा पहिलो आफू सुरक्षित हुनुस्, त्यसपछि परिवार, त्यसपछि छिमेकीलाई उद्धार गर्नेतिर लाग्नुस्।

# मुलुककै ठूलो मानवनिर्मित तालमा विपद् प्रतिकार्य अभ्यास

सर्लाही। सर्लाहीको बागमती नगरपालिकास्थित देशकै सबैभन्दा ठूलो मानवनिर्मित भरत तालमा तिन वटै सुरक्षा निकायबाट प्रतिकार्य पूर्वतयारी अभ्यास गरिएको छ।

कूल ४५ फिट गहिराई रहेको सो पोखरी एक सय २१ बिगाहा क्षेत्रफलमा निर्माण गरिएको छ।

यस वर्ष जल तथा मौसम विभाग पूर्वानुमान महाशाखाले भारी वर्षा हुने पूर्वानुमान गरेकोले त्यसको प्रतिकार्यको अभ्यास भएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रहरी उपरीक्षक सन्तोष सिंह राठौरले जानकारी दिए। वर्षेनी बाढी र डुबानले व्योहोर्नुपर्ने मानवीय क्षतिलाई न्यूनीकरण गर्न अभ्यासले सहयोग गर्नेछ।

हरेक वर्ष बाँके, फुलजोर, लखनदेही र बागमती खोलामा आउने बाढीका कारण जिल्लाका दक्षिणी भाग जलमग्न भई र मानवीय क्षति हुने गरेको छ।

दक्षिणमा रहेको भारतीय बाँध र राष्ट्रिय गौरवको आयोजना पूर्व पश्चिम रेलमार्गको बाँधका कारण जिल्लाका दर्जनौं गाउँ डुबानमा पर्ने गरेका छन्। अभ्यास कार्यक्रमको थालनीमा प्रमुख जिल्ला अधिकारी हेमराज तामाङले बाढी आउने सम्भावित खतरालाई ध्यानमा राख्दै नदीको बाँध मर्मत सम्भारको कार्य तीब्र रुपमा भइरहेको जानकारी दिए।

पानीको निकास छिमेकी भारततिर भएकोले भारतले निर्माण गरेको बाँधमा पनि निकासको लागि लगाइएको सुलिस गेट नखोल्दा अप्राकृतिक रुपमा जिल्लाका जनतालाई त्रास हुने गरेको छ। प्रमुख जिल्ला अधिकारी तामाङले भारतसँग पनि निकासको विषयमा छलफल गर्ने बताउँदै बाढीबाट हुने क्षतिबाट जोगाउन स्थानीय प्रशासनले सक्रियरुपमा भूमिका निर्वाह गर्ने बताए।

नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाका जवानद्वारा शुरु गरिएको अभ्यासमा बाढीमा डुबेका व्यक्तिलाई ज्यान जोगाउने, उद्धार गरेर ल्याएर प्राथमिक उपचार गर्ने, रबर बोट, मोटर बोट प्रयोगसम्बन्धी अभ्यास गर्ने तालीम गरिएको होअ। बाढीका बेला आवश्यक पर्ने सामग्रीहरु प्रयोग गर्दै संयुक्त अभ्यास सुरु गरिएको सशस्त्र प्रहरी बल सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक गङ्गाराम श्रेष्ठले बताए।

प्राथमिक उपचारको लागि नेपाल रेडक्रस सोसाइटीको टोली उपस्थित भएका छन् भने अस्पताल लैजान लागि एम्बुलेन्सको समेत व्यवस्था गरिएको छ।

# महोत्तरीमा कमिसनका लागि कुटाकट

अजय कुमार सिंह

महोत्तरी। सिमेन्ट माग्ने विषयमा विवाद हुँदा कुटाकुट भएको छ। कुटाकुटमा दुई जना घाइते भएका छन्। महोत्तरीको सम्सी गाउँपालिका वडा न. ५ पोखरभिण्डामा भइरहेको विकास निर्माणका कार्यमा कमिसनको सट्टा सिमेन्टको बोरा माग्दा विवाद भएको थियो। घाइते हुनेमा सम्सी गाउँपालिका ५ पोखरभिण्डाका बसन्त कुमार यादव र मुकेश कुमार यादव रहेका छन्। गाउँपालिकाकै २ करोडको बजेटमा टेन्डर प्रकियाबाट रामएकवालको घरदेखि दलित बस्ती हुँदै रामबाबुको घरसम्म पिसिसि ढलानको योजना रहेको छ। सो ढलानमा विभिन्न बाधा विरोध गर्दै अन्तमा केही नलागेपछि सोही वडाका वडा अध्यक्ष पन्नु यादव आफ्नो छोराहरुसहित सिमेन्ट माग्न पुग्दा सो विवाद भएको थियो।

अध्यक्ष यादवले निर्माण व्यवसायीका सहयोगीसँग सिमेन्ट माग्दा उसले ठेकेदारसँग माग्नुस्, नभए मलाई भन्न लगाउनु म दिन्छु भनेपछि त मेरो वडामा भएर मसँग मुख लगाउँछन् भनेर बाँसको लाठीले टाउकोमा हिर्काएपछि बसन्त कुमार यादव र मुकेश कुमार यादवको टाउको फुटेको छ। घाइते दुवै जनालाई जलेश्वर अस्पतालमा उपचारपछि जनकपुरको श्रीराम अस्तपालमा रेफर गरिएको छ। घाइते बसन्तका अनुसार सिमेन्ट माग्नु त एउटा बहाना मात्र हो। वडा अध्यक्षको आफ्नो स्वार्थपूर्ति नभएपछि सो घटना गराएको घाइते यादवले बताए। गाउँपालिकाको बजेटबाट विकास निर्माण भइरहेको कामको चेकजाँच तथा अनुगमन गर्नु उनको अधिकार हो तर अधिकारभन्दा बाहिर गएर खुल्लेआम कमिसन माग्नु पदीय मर्याविपरित रहेको बुझिन्छ। एक जना स्थानीयका अनुसार पढेलेखेका र विनापढेका नेतामा यही फरक हुँदो रहेछ। यसरी स्वय अध्यक्षबाट नै कमिसनका लागि विवाद गर्नु राम्रो होईन। सबैलाई आ–आफ्नो मर्यादामा बस्नु पर्ने स्थानीयहरुको धारणा रहेको छ। तर यसरी जथाभावी मारपिट गरेर टाउको फुटाएपछि केही न केही कारवाही हुनु पर्छ अनि मात्र केही नेताहरुमा डर त्रास हुन्छ।

# अस्पताललाई अक्सिजन कन्सन्ट्रेटर सहयोग

वीरगञ्ज। चौधरी ग्रुपद्वारा स्थापित सीजी फाउन्डेसनले बारा र रौतहटका दुई सरकारी अस्पताललाई चार थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको छ। फाउण्डेसनले बाराको कलैया अस्पताल र रौतहटको गौर अस्पताललाई २/२ थान अक्सिजन कन्सन्ट्रेटर सहयोग गरेको हो।

सोमबार वीरगञ्जस्थित चौधरी ग्रुपको प्रदेश २ कार्यालयमा एक कार्यक्रमको आयोजना गरी अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरिएको हो। वीरगञ्ज महानगरपालिकाका प्रमुख विजयकुमार सरावगीले फाउन्डेसनको तर्फबाट अस्पतालहरुलाई अक्सिजन कन्सन्ट्रेटर हस्तान्तरण गरेका थिए। कोरोना संक्रमितको उपचारका लागि बारा र रौतहटका सरकारी अस्पताललाई १० लिटरको अक्सिजन कन्सन्ट्रेटर प्रदान गरिएको सीजी ग्रुपको प्रदेश २ प्रमुख सत्येन्द्रकुमार झाले बताए।

# प्रदेश २...

(ञ) राजस्व प्रशासन सुधार तथा स्थानीय तह

१२१. प्रदेश र स्थानीय तहबीचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाई आर्थिक विकासका गतिविधिहरु सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

१२२. संविधान प्रद्धत अधिकार क्षेत्र बमोजिम राजस्वका सम्भावित क्षेत्रहरुको पहिचान गरी विद्यमान राजस्व प्रणाली संस्थागत तथा संरचनागत सुधार गरी राजस्व संकलनलाई वैज्ञानिक तथा वस्तुनिष्ठ बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

१२३. प्रदेशको राजस्व संकलनमा महत्वपूर्ण योगदान पुर्याउने उद्योग व्यवसाय तथा निकायहरुको अनुगमन प्रणाली व्यवस्थित बनाउन आवश्यक बजेट विनियोजन गरेको छु। साथै स्थानीय तहबाट प्रदेश संचित कोषमा प्राप्त हुने राजस्व समयमै दाखिला गराउन आवश्यक अनुगमन गर्न पहल गरिनेछ।

माननीय सभामुख महोदय,

अब म माथिका कार्यक्रमहरु कार्यान्वयनका लागि बजेट विनियोजन र स्रोत व्यवस्थापनको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु।

१२४. आगामी आर्थिक बर्षका नीति तथा कार्यक्रम कार्यान्वयन गर्न रु. ३३ अर्ब ७९ करोड १४ लाख ३० हजार बजेट विनियोजन गरेको छु। कुल विनियोजन मध्ये चालु तर्फ रु. १५ अर्ब ६३ करोड ३३ लाख ४७ हजार अर्थात ४६.२६ प्रतिशत, पुँजिगत तर्फ रु. १८ अर्ब ५ करोड ८० लाख ८३ हजार अर्थात ५३.४४ प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.१० करोड अर्थात ०.३० प्रतिशत रहेको छ।

१२५. आगामी आर्थिक वर्षका लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोत मध्ये आन्तरिक स्रोतको राजस्वबाट रु. ३ अर्ब ४ करोड ९१ लाख ३० हजार नेपाल सरकारबाट प्राप्त हुने अनुदानबाट रु. १३ अर्ब ९० करोड ३४ लाख राजस्व बाँडफाँटबाट रु. ९ अर्ब ५८ करोड ८९ लाख र चालु आर्थिक वर्षको विनियोजनबाट बचत हुने नगद मौज्दात रु. ६ अर्ब २५ करोड गरी जम्मा रु. ३२ अर्ब ७९ करोड १४ लाख ३० हजार व्यहोर्दा रु. १ अर्ब न्यून हुने देखिन्छ। सो न्यून रकम पूर्ति गर्न आगामी आर्थिक बर्षमा आन्तरिक ऋण परिचालन गरिनेछ।

१२६. प्रदेश सभा निर्वाचन क्षेत्र विकासका लागि आगामी आर्थिक वर्षमा रु २ अर्ब ३५ करोड रकम विनियोजन गरेको छु।

१२७. प्रदेशभित्रका स्थानीय तहहरुलाई आगामी आर्थिक वर्षमा वितीय हस्तान्तरणका लागि रु ३ अर्ब १६ करोड ५० लाख रकम विनियोजन गरेको छु।

अन्त्यमा, बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने माननीय प्रदेश प्रमुख माननीय मुख्यमन्त्री माननीय सभामुख र माननीय मन्त्रीहरुप्रति हार्दिक आभार प्रकट गर्दछु।कोभिड १९ महामारीको विषम परिस्थितमा समेत अमूल्य सुझाव दिई प्रदेश सरकारको बजेट तर्जुमा कार्यलाई मार्गप्रशस्त गर्नुहुने सम्पुर्ण माननीय सदस्यहरुलाई हार्दिक आभार प्रकट गर्दछु। बजेट तर्जुमाका क्रममा अहोरात्र खट्नुहुने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु। प्रदेशको समृद्धि र विकासका लागि प्रस्तुत बजेट कार्यक्रममा विभिन्न राजनैतिक दलका शीर्ष नेता, स्थानीय तहका जनप्रतिनिधि, अर्थविद्, विभिन्न पेशा व्यवसायका संगठित संस्थाहरु, वैदेशिक विकास साझेदारहरु, नागरिक समाज, संचारकर्मी, करदाता तथा देशभित्र र बाहिर रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी दाजुभाईहरुले प्रत्यक्ष र अप्रत्यक्ष रुपमा पुर्याउनु भएको सहयोग र सद्धभावनाको लागि धन्यवाद दिदै बजेटको कार्यान्वयनमा सबै पक्षको सहयोग पाउने पूर्ण विकास गरेको छु।

धन्यवाद।


**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**लालकिशोर साह**

**नगरप्रमुख**

**जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २**



**नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो।**

**यसबाट बच्ने उपायहरू :**

- ० कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु।
- ० अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने।
- ० खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने।
- ० कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने।
- ० जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने।
- ० सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने।
- ० ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने।
- ० कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने।

**हरिप्रसाद मण्डल**

**नगरप्रमुख**

**मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २**

## विश्व परिवेश

# चीनले सुरक्षा जोखिम निम्त्याएको नेटो नेताहरूको ठहर

काठमाडौं । उत्तर एटलान्टिक सन्धि सङ्गठन (नेटो)मा आवद्ध भएका देशका सरकार तथा राष्ट्रप्रमुखहरूले चीनले सुरक्षा जोखिम निम्त्याएको ठहर गरेका छन् ।

ब्रसेल्समा भेला भएका नेटोमा आवद्ध देशका नेताहरूले चीनका कारण उत्पन्न सैन्य जोखिमको चुनौती दिने चेतावनी समेत दिएका छन् ।

३० वटा युरोपेली र उत्तर अमेरिकी देशहरूको शक्तिशाली राजनीतिक तथा सैन्य गठबन्धन नेटोमा आवद्ध नेताहरुले चीन तीव्र ढङ्गले आफ्नो परमाणु क्षमता विस्तार गरिरहेको, सैन्य आधुनिकीकरणबारे अपारदर्शी निर्णय गरिरहेको र रुससँग सैन्य सहकार्य गरिरहेको आरोप लगाएका छन् ।

नेटो शिखर बैठकपछि जारी विज्ञप्तिमा चीनको 'घोषित महत्त्वाकाङ्क्षा र आक्रामक व्यवहारले अन्तर्राष्ट्रिय व्यवस्था र गठबन्धनको सुरक्षासँग जोडिएका क्षेत्रमा' प्रणालीगत चुनौती दिने उल्लेख गरिएको छ ।

नेटोका प्रमुख येन्स स्टोल्टेन्बेर्गले सैन्य र प्राविधिक क्षमतामा चीन नेटोको 'हाराहारी तर्फ' आइरहे पनि नेटो गठबन्धनले चीनसँग नयाँ शीतयुद्ध गर्ने मनस्थितिमा नरहेको प्रष्ट्याएका छन् ।

पदभार सम्हाले यताको पहिलो नेटो शिखर बैठकमा सहभागी भएका अमेरिकी राष्ट्रपति जो बाइडनले नेटो गठबन्धनलाई अमेरिकी समर्थन कायमै रहने प्रतिवद्धता पनि जनाएका छन् । अमेरिकी स्वार्थका लागि नेटो महत्त्वपूर्ण रहेको भन्दै उनले गठबन्धनमा अमेरिकी साथ कायमै रहने जनाएका हुन् ।

त्यसमा नेटो पारदर्शिताको अभाव र गलत सूचनाको प्रयोगप्रति चिन्तित रहेको उल्लेख गरिएको छ ।

चीन विश्वको एउटा प्रमुख सैनिक र आर्थिक शक्ति हो र त्यहाँको कम्युनिस्ट पार्टीले राजनीति, दैनिक जीवन र समाजको धेरै हिस्सामा आफ्नो पकड कायम राखेको छ ।

# लागू औषधलाई नियन्त्रण गर्न नसकेको भन्दै पाकिस्तानमा प्रदर्शन

काठमाडौं । सहरका विभिन्न स्थानहरूमा विशेष गरी बलूच जनसङ्ख्या भएका छिमेकी समुदायमा युवाहरूबिच लागूपदार्थको बढ्दो प्रयोगप्रति चिन्ता व्यक्त गर्दै राजनीतिक कार्यकर्ताहरू, नागरिक समाज र समुदायका नेताहरूले महानगरपालिकामा ध्यानाकर्षण गराएका छन् ।

कराचीस्थित बलूच अधिकार संस्था, बलूच मुत्तहिदा महाज (बीएमएम) ले सिद्धिकी गोथ, मालीरमा यस मुद्दालाई उजागर गर्न सम्मेलन आयोजना गर्‍यो। बीएमएम प्रमुख यूसुफ मस्ती खान, अवामी वर्कर्स पार्टीका केन्द्रीय अध्यक्षको अध्यक्षतामा उक्त सम्मेलन भएको हो । स्थानीय सरकारका लागि सिन्धु संसदीय सचिव सलिम बलोच, राजनीतिक व्यक्तित्व कादिर बक्श कलमति, लीरी अवामी महाजका अब्दुल खलीक जरदान, बलोच याकजेती समितिका अब्दू वहाब बलोच, कराची निर्दलीय अधिकार गठबन्धनका हनीफ दिलमुराद, सामाजिक कार्यकर्ता अजीम देहकान, बशीर बलूच, तारिक बलोच र इलाही बख्ख बलुचलगायतका उक्त सम्मेलनमा सहभागिता रहेको थियो ।

सहभागीहरूले ड्रग्सको फैलावटलाई नशासम्बन्धी ऐँठी फोर्स, पुलिस र अन्य कानुनको पालना गराउने एजेन्सीहरूको असफलता भएको टिप्पणी गरे । सङ्घीय र सिन्ध प्रान्त सरकारले लागू औषधको जोखिम रोक्नको लागि कदम चाल्नुपर्ने उनीहरूको माग छ ।

लागू औषध रोकथाम सचेतना अभियान, लागू औषध पुन: स्थापना केन्द्रहरू स्थापना गर्ने र स्थानीय तहका समितिहरूको गठन गर्ने निर्णय उनीहरूले गरेका छन् । जुन २० मा लागू औषध विरुद्ध जनचेतना जगाउन जुलुस गरिने घोषणासमेत गरिएको छ ।

# भारतमा १६ भन्दा बढी प्रतिशत जनसंख्याले लगायो कोरोना खोप

काठमाडौं । भारतमा कोरोना भाइरसको महामारी विस्तारै कम हुँदै गएको छ । त्यहाँ कोरोना रोक्ने एकमात्र विकल्प खोप लगाउने काम तीव्र रुपले भइरहेको छ । अहिलेसम्म भारतमा कुल जनसंख्याको १६.२ प्रतिशतले खोप लगाएका छन् । अर्थात् २६ करोड ५५ लाख १९ हजार २५१ जनाले कोरोनाको कम्तीमा एक डोज खोप लगाएका छन् । दुवै खोप लगाएको जनसंख्या भने कूल जनसंख्याको ३.७ प्रतिशत मात्र हो । भारतले आफैं कोरोना विरुद्धको खोप बनाएको छ । त्यसैगरी विभिन्न देशबाट खोप अनुदानमा लिनुका साथै किनेर पनि जनतालाई लगाइरहेको छ । भारतमा अहिलेसम्म २ करोड ९७ लाख मानिस कोरोना संक्रमित भइसकेका छन् । बुधबारमात्रै ६७ हजार २८९ जना संक्रमित थपिएका थिए । त्यस्तै १ लाख ३ हजार ९०० संक्रमितलाई बुधबार निको भएसँगै अहिलेसम्म २ करोड ८४ लाख ८४ हजार ५९१ जनालाई निको भइसकेको छ । हाल ८ लाख २१ हजार ३७८ जना मात्र सक्रिय संक्रमित छन् । जबकि यो संख्या कुनै समय ४० लाखमा पुगेको थियो । मृतकको दर भने भारतमा घट्न सकेको छैन । बुधबार २ हजार ३२९ जनाको ज्यान गएको छ । अहिलेसम्म कोरोनाबाट भारतमा ३ लाख ८१ हजार ९३१ जनाको ज्यान गइसकेको छ ।

# हतियारले भरिएको सैन्य रेलको भारतले गर्‍यो परीक्षण

काठमाडौं । भारतले सैन्य रेलको सफल परीक्षण गरेको छ । भारतीय सेनाले समर्पित मालवाहक कोरिडोर(डीएफसी) मा गाडी, हातहतियार र उपकरणले भरिएको सैन्य रेलको सफल परीक्षण गरेको हो । सफल परीक्षणपछि भारतीय रक्षा मन्त्रालयले भारतीय सेनाले डेडिकेटेड फ्रेट कोरिडोर कर्पोरेसन अफ इन्डिया लिमिटेड (डीएफसीसीआईएल) र भारतीय रेल मार्फत जटिल र समन्वयित तरिकाले सशस्त्र बलको परिचालन क्षमतामा उल्लेखनीय वृद्धि गर्ने बताएको छ । रक्षा मन्त्रालयका अनुसार भारतीय सेनाले डिएफसीसीआईएल र भारतीय रेल लगायत सबै सरोकारवालाहरूसँग कुराकानी गरेको थियो । यस कुराकानी का कारण सशस्त्र बलले आफ्नो परिचालन मैट्रिक्स का लागि डिएफसीसी र सम्बद्ध पूर्वाधारको लाभ लिन सक्छन् । मन्त्रालयका अनुसार रोल अन-रोल अफ (आरओ-आरओ) सेवामा रक्षा स्वामित्वको रोलिङ्ग स्टकको गति प्रमाणीकरणका लागि केही स्थानहरूमा पूर्वाधारहरूको विकास र परीक्षण लाई औपचारिक रूप प्रदान गरिएको छ र विधि विकास भइरहेको छ । यस परीक्षणलाई सशस्त्र बलको सञ्चयनात्मक तैयारीको वृद्धिका लागि मार्ग प्रशस्त गर्ने प्रक्रियाको पहिलो कदम को रूपमा वर्णन गरिएको छ ।

# दिल्लीको लकडाउन थप खुकुलो

काठमाडौं । भारतको दिल्लीमा कोरोना भाइरस (कोभिड-१९) नियन्त्रणका लागि लगाइएको लकडाउन थप खुकुलो बन्ने भएको छ । दिल्लीका मुख्यमन्त्री अरविन्द केजरीवालले आइतबार लकडाउन थप खुकुलो बन्ने घोषणा गरेका हुन् । उनले सोमबारबाट दिल्लीमा पसल, मलहरु र रेष्टुरेन्टमा लगाइएको प्रतिबन्ध खुकुलो पारिने बताएका हुन् । केजरीवालले बिहान १० बजेदेखि राति ८ बजेसम्म पसल खोल्न पाइने बताए । उनका अनुसार रेष्टुरेन्ट पनि आधा क्षमतामा सञ्चालन गर्न पाइनेछ । यससँगै अब दिल्लीमा जोर-बिजोर प्रणालीमा सबै पसल खुल्नेछन् । त्यस्तै मेट्रो र सरकारी बसले आधा क्षमतामा यात्रुहरु बोक्न पाउँछन् । विवाह र अन्तिम संस्कारमा केवल २० जना मात्र भेला हुन पाउनेछन् । स्विंमिङ पुल, गार्डेन, सिनेमा हल, मल्टिप्लेक्सलाई भने खोल्ने अनुमति दिइएको छैन । साथै स्कुल कलेज खोल्ने अनुमति पनि दिइएको छैन । केजरीवालले एक साताको परीक्षणपछि संक्रमणको अवस्था हेरेर लकडाउन थप्ने कि घटाउने भन्ने निधो गरिने बताए ।

# हिन्दू मन्दिर भत्काउने कार्य रोक्न पाकिस्तानको सर्वोच्च अदालतको आदेश

काठमाडौं । पाकिस्तानको सर्वोच्च अदालतले कराँचीस्थित हिन्दू मन्दिर धर्मशाला भत्काउने कार्यलाई रोक लगाएको छ । अदालतले सिन्ध पुरातत्वका अधिकारीलाई यसबारे रिपोर्ट पेश गर्न पनि आदेश दिएको छ । प्रधानन्यायाधीश गुलजार अहमद, न्यायाधीशहरू मजहर अलाम खान, सैय्यद मजाहर अलीको तीन सदस्यीय इजलासले उक्त आदेश दिएको हो । पाकिस्तानी सञ्चारमाध्यम द नेशनका अनुसार यसबारे प्रतिवेदन पेश गर्नका लागि एक सदस्यीय समिति गठन गर्न पनि अदालतले आदेश दिएको छ । सुनुवाइका क्रममा हिन्दू काउन्सिलका अध्यक्ष डा. रमेश कुमारले मन्दिर भत्काएर नयाँ भवन बनाउन लागिएको जनाएका थिए । यस्तै, इटीपीबीका अध्यक्षले भने धर्मशाला रहेको भवनमा १९४७ देखि नै होटल सञ्चालन भइरहेको जनाएका छन् ।

# पाकिस्तानका सरकारी कर्मचारी आन्दोलित

इस्लामावाद । पाकिस्तानका सरकारी कर्मचारीले सरकारले गरेको तलब वृद्धि थोरै भएको भन्दै आन्दोलन सुरु गरेका छन् । सरकारले नयाँ आर्थिक वर्षमा १० प्रतिशत मात्रै तलब वृद्धि हुने घोषणा गरेपछि कर्मचारीले तलब वृद्धि थोरै भएको भन्दै आन्दोलित भएका हुन् । उनीहरूले शुक्रवार बृहत् प्रदर्शन गर्दै कम्तीमा २५ प्रतिशत तलब वृद्धि हुनुपर्ने मागसमेत गरेको समाचारमा जनाइएको छ । गत तीन वर्षदेखि कर्मचारीहरूको तलब वृद्धि नभएकाले यस वर्ष धेरै वृद्धि हुनुपर्ने उनीहरूको भनाइ रहेको छ । आन्दोलनकारीले करारका कर्मचारीहरूलाई स्थायी गर्नुपर्ने माग पनि राखेको गेयो न्युजले समाचार सम्प्रेषण गरेको छ । प्रदर्शनकारीहरूले अर्थमन्त्रीसमेतलाई लक्षित गर्दै राष्ट्रिय संसद् भवन अगाडि प्रदर्शन गरेका थिए । दश प्रतिशत मात्रै तलब वृद्धि गर्ने निर्णय संशोधन गर्न पनि उनीहरूले माग गरेका छन् ।




# नेपाली महिलालाई भारतीय सेनामा भर्ना खुल्यो

काठमाडौं । नेपाली महिलालाई भारतीय सेनामा भर्ना खुलेको छ । भारतीय आर्मीले महिला मिलिटरी पुलिस पदका लागि पहिलोपल्ट नेपाली महिलाबाट पनि भर्ना लिने भएको हो ।

भारतीय आर्मीले नेपालीसहित १०० जना महिला मिलिटरी पुलिसका लागि आवेदन आह्वान गरेको छ । इच्छुकहरुले भारतीय सेनाको वेबसाइटमा गएर अनलाईन आवेदन दिन सक्ने व्यवस्था गरिएको छ । भर्ना हुन चाहनेले आगामी जुलाई २० तारिखसम्म आवेदन दिन सक्नेछन् ।

आवेदन दिनेको उमेर १७ वर्ष पूरा भई २१ वर्ष ननाघेको हुनुपर्नेछ । सन् २००० देखि २००४ सम्म जन्मिएको हुनुपर्ने उल्लेख छ । शहीद परिवारको हकमा भने उमेर हद ३० वर्षसम्म राखिएको छ ।

कक्षा १० पास गरेको र प्रत्येक विषयमा ३३ प्रतिशत मार्क्स र जम्मा ४५ प्रतिशत ल्याएको हुनुपर्ने उल्लेख छ ।

अम्बाला, जबलपुर, बेल्गाम, पुने, लखनाउ, शिलोङबाट भर्ना खुल्ने उल्लेख गरिएको छ । अनलाईनबाट प्राप्त हुने प्रवेश कार्डमा छनोटको मिति र स्थान दिइनेछ । शारीरिकको हकमा १६ सय मिटर दौड, ८ मिनेट लङजम्प, १० फिट हाइजम्प आवश्यक पर्ने उल्लेख छ ।

त्यसअघि सबैको प्रवेश परीक्षाका रुपमा लिखित परीक्षा लिइनेछन् । अविवाहितको प्रमाणपत्र पनि पेस गर्नुपर्नेछ ।

## जिल्ला समाचार

# कार्यालय सहयोगीद्वारा फिरौती माग

वीरगञ्ज । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतसित १५ लाख फिरौती माग गर्ने एक युवकलाई बारा प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा बाराको सुवर्ण गाउँपालिका-४ हर्दिया टोलका २८ वर्षीय मुकेशप्रसाद यादव छन् । पक्राउ परेका यादवले जिल्लाको सुवर्ण गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत नवीनकुमार श्रीवास्तवलाई अपरिचित नम्बरबाट फोन गरी एक घण्टाभित्र १५ लाख रुपैयाँ दिन भनेका थिए । उक्त रकम नदिए गोली हानी हत्या गर्नेसमेत यादवले अधिकृत श्रीवास्तवलाई धम्की दिएको प्रहरीले जनाएको छ । फिरौती मागेको अडियोसहितको सूचनाबाट अनुसन्धान गर्दै जाँदा ती युवकलाई पक्राउ गरिएको बाराका प्रहरी प्रवक्ता गौतम मिश्रले जानकारी दिए । यादव सोही गाउँपालिकामा करार सेवामा कार्यालय सहयोगीको रूपमा कार्यरत रहेको उनले बताए । यादवलाई आपराधिक लाभ मुद्दामा थप अनुसन्धान भइरहेको मिश्रले बताए ।

# नदीमा तटबन्ध मर्मतको काम सुरू

रौतहट । रौतहटको बागमती र लालबकैयाका तटबन्ध र स्परहरुको मर्मत सुरु भएको छ । प्रदेश २ मा बाढीको समयमा धेरै धनजनको क्षति गर्ने यी दुई नदीका कमजोर स्पर मर्मत गर्ने र भत्किएका, कमजोर तटबन्ध पुन: निर्माणको काम सुरु भएको हो । यसवर्ष वर्षायाममा औसत भन्दा बढी वर्षा हुने र मनसुन पनि चाडै शुरु हुने पूर्वानुमान रहेकोले तटबन्धहरुलाई दुरुस्त बनाउन लागिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । बागमती र लालबकैयाको बाढीको पानी बस्तीमा प्रवेश गर्न नदिन हर सम्भव प्रयास भइरहेको उनको भनाइ छ । रौतहटमा बागमती नदीको ११ र लालबकैयाको १३ स्थानमा बाढी, कटान र डुवानको उच्च जोखिममा रहेको बागमती तथा लालबकैया नदी नियन्त्रण आयोजनाको प्रमुख अख्लाख सिद्धिकीले बताए । नेपाल-भारत सीमा क्षेत्रको जिरो किलोमिटरदेखि साढे १७ किलोमिटर उत्तरसम्मको बागमतीको बाँध उच्च जोखिममा रहेको छ । रौतहटको ब्रम्हपुरी, बसन्तपुर, मत्सरी, गंगापिपरा र रजवडा बाढीको उच्च जोखिम छ ।

# श्रीमतीलाई एसिड प्रहार गर्ने पक्राउ

रौतहट । आफ्नै ३८ वर्षीया श्रीमतीलाई एसिड प्रहार गरेको अभियोगमा चन्द्रपुर नगरपालिका-४ चपुर चोक बस्ने ४२ वर्षीय पुरुषलाई प्रहरीले पक्राउ गरेको छ । शनिबार साँझ उनीहरुबिच घरायसी झै-झगडा हुँदा आफ्नै श्रीमतीलाई सुन पखाल्न प्रयोग हुने एसिड प्रहार गर्दा घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय चपुरबार खटिएको प्रहरीले उनलाई नियन्त्रणमा लिएको हो । घाइतेको चपुरस्थित एपोलो सिटी अस्पतालमा उपचार भइरहेको र अवस्था मध्यम रहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# मोटरसाइकल दुर्घटनामा एक महिलाको मृत्यु

कपिलवस्तु । कपिलवस्तु नगरपालिका-३ डेरवास्थित सडकमा लु.२७ प ३४५६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना हुँदा एक महिलाको मृत्यु भएको छ । शनिबार साँझ मोटरसाइकलमा सवार सोही नगरपालिका-११ जहदी बस्ने ४२ वर्षीया कलावटी कुर्मीको मृत्यु भएको छ । दुर्घटनामा घाइते भएकी उनको जिल्ला अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको हो । मोटरसाइकल चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# पानी तताउने मेशिन पड्किादा एकको मृत्यु

बाँके । कोहलपुर नगरपालिका-१४ स्थित गणपती प्लाईबोर्ड कम्पनीमा पानी तताउने मेशिन पड्किँदा एक कामदारको मृत्यु भएको छ । सोही कम्पनीमा काम गर्ने बर्दिया बरबर्दिया नगरपालिका-९ बस्ने ३५ वर्षीय खुशिराम थारुको आइतबार बिहान मृत्यु भएको छ । मेशिन पट्किँदा उक्त कम्पनीको करिब ७० लाख रुपैयाँ बराबरको धनमाल समेत क्षति भएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# संगठित अपराधमा संलग्न गिरोह पक्राउ

कपिलवस्तु । हातहतियार खरखजना,ज्यानमार्ने उद्योग,कर्तव्य ज्यान तथा संगठित अपराधमा संलग्न रहेको अभियोगमा ११ जनालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा कपिलवस्तु नगरपालिका-१ शिवमन्दिर टोल बस्ने महिमा पाण्डे, सोही ठाउँ आनन्दबाग बस्ने ३९ वर्षीय प्रकाश भन्ने ओम प्रकाश यादव,आनन्दबाग कैलाशटोल बस्ने ३५ वर्षीय पूर्णवीर पाल्पाली (कुम्हाल), सोही नगरपालिका-२ बर्दाहवा बस्ने सद्दाम हुसेन खान, यशोधरा गाँउपालिका-४ पोखरभिट्वा बस्ने राजेश भन्ने ज्ञानेन्द्र कुमार पाण्डे, सोही गाउँपालिका-४ सेमरी बस्ने गोलु चौधरी भन्ने राधेश्याम चौधरी, कपिलवस्तु नगरपालिका-५ गोटिहवा बस्ने सिरिया भन्ने श्रीराम कुर्मी, कपिलवस्तु नगरपालिका-१ माझीटोल बस्ने ३६ वर्षीय मोटे भन्ने नरसत अलि,कपिलवस्तु नगरपालिका-२ बरगदहवा बस्ने २६ वर्षीय प्रबिण गुप्ता, रमजान साह मुसलमान र साकिर अलि पखिया रहेका छन् । कपिलवस्तु नगरपालिका-६ गोबरीस्थित सडकमा सोही नगरपालिका-१ शिवमन्दिर टोल बस्ने ३४ वर्षीय दिपक पाण्डे समेतलाई अपरिचित व्यक्तिहरुले गोली प्रहार गरी घाइते बनाएकोमा पाण्डेको जेठ १० गते मेडिकल कलेज भैरहवामा उपचारको क्रममा मृत्यु भएको घटनाको थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरीले उक्त घटनामा संलग्न उनीहरुलाई पक्राउ गरेको हो । ओम प्रकाश यादव र मृतककी श्रीमती महिमा पाण्डे बिचको अनैतिक सम्बन्धदिपक पाण्डेले थाहा पाएपश्चात आपसी बिवाद,मनमुटाव भएपछि महिमाले ओम प्रकाश समेतका व्यक्तिहरुलाई प्रयोग गरी जेठ ५ गते दिपकलाईगोली हानी घाइते बनाएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको छ । साथै ओम प्रकाश यादवले लुकाई राखेको १ थान पेस्तोल, सोको म्यागिजन तथा ६८ राउण्ड गोली, साकिर अलि पखियाले प्रयोग गरेको कट्टुवा पेस्तोल सहित २ थान गोली र रमजान साह मुसलमानले प्रयोग गरेको स्वचालित पेस्तोल, म्यागजीन तथा ८ राउन्ड गोली प्रहरीले बरामद गरेको छ । उनीहरुउपर संगठित अपराध सजाय ऐन, २०७० बमोजिम जिल्ला अदालतकपिलवस्तुबाट म्यादथप अनुमती लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ ।

# पोखरीबाट शव फेला

रुपन्देही । रुपन्देही जिल्लाको कन्चन गाउँपालिका ३ सोगास्थित पोखरीमा डुवेका एक जनाको शव सशस्त्र प्रहरीले फेला पारेको छ । सोही ठाउँ बस्ने ३४ वर्षिय कमल शिरिष थापा उक्त पोखरीमा नुहाउने क्रममा यही जेठ ३१ गते डुवेर बेपत्ता भएको बताइएको छ । सोबारे जानकारी पाउनासाथै सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश विष्णुपुराबाट खटिएको विपद् व्यवस्थापन तालिम प्राप्त सशस्त्र प्रहरीले उनको शव पोखरीबाट बाहिर निकालेको हो ।

# चोरीपैठारीको फलामसहित दुई जना पक्राउ

कपिलवस्तु । कपिलवस्तु जिल्लाको कृष्णनगर नगरपालिका २ स्थित चेकपोईन्टबाट सशस्त्र प्रहरीले करीव २२ लाख ४५ हजार रुपैयाँ बराबरको चोरीपैठारीको फलामसहित दुई जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा भारतको बरियारपुर घर बताउने २३ वर्षिय सन्जय कुमार कुशहवा र ४४ वर्षिय अंगत कुमार कुशहवा छन् । भारतबाट अवैध रुपले टेलरमा राखी नेपालतर्फ ल्याउँदै गरेको उल्लेखित मुल्य बराबरको करीव ३४ मेट्रिटन एमएस विलेटको फलामसहित उनीहरुलाई सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोष्ट कृष्णनगरबाट खटिएको सशस्त्र प्रहरीले पक्राउ गरेको हो । त्यसवेला सशस्त्र प्रहरीले उक्त टेलर समेत बरामद गरेको छ । पक्राउ परेकाहरुलाई बरामद फलाम तथा टेलरसहित आवश्यक कारवाहीको लागि भन्सार कार्यालय कृष्णनगरमा बुझाईएको छ । बरामद टेलरको भन्सार मुल्य ६० लाख रुपैयाँ रहेको छ ।

# आफ्नै छोरीलाई करणी गरी हत्या गर्ने पक्राउ

कैलाली । आफ्नै १० वर्षीया छोरीलाई जबरजस्ती करणी गरी हत्या गरेको अभियोगमा लम्की चुहा नगरपालिका-२ बघनिया बस्ने उनकै ५१ वर्षीय पुरुषलाई आइतबार प्रहरीले पक्राउ गरेको छ । ती बालिका आफ्नै घरमा गत जेठ २७ गते दिउँसो मृत अवस्थामा फेला परेको घटनाको ईलाका प्रहरी कार्यालय लम्कीबाट खटिएको प्रहरीले अनुसन्धान गर्दा मृतकको बुवाले आफ्नै भैसी गोठमा लगि जबरजस्ती करणी गरी पोल खुल्ने डरले भैसी गोठमा नै झुण्डाई हत्या गरेको र घटना लुकाउन आत्महत्या गरेको जस्तो देखाउन खोजेको खुल्न आएपछि उनलाई पक्राउ गरेको हो । उनी उपर ज्यान सम्बन्धी कसूर (कर्तव्य ज्यान) मुद्दामा कैलाली जिल्ला अदालतबाट म्याद थप अनुमती लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय कैलालीले जनाएको छ ।

# रोलरमा मोटरसाइकल ठोक्किँदा एकको मृत्यु

मोरङ । सुन्दरहरैचा नगरपालिका-८ चिउरा मिलस्थित सडकमा अन टेष्ट लेखिएको रोलरमा को.३५ प ५९७१ नम्बरको मोटरसाइकल मंगलबार साँझ ठक्कर खाँदा मोटरसाइकल चालक हाल वतन नखुलेका २२ वर्षीय गोकुल थापाको मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएका थापाको कोशी अस्पताल विराटनगरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै घाइते भएका मोटरसाइकलमा सवार १ जनाको सुकुना सामुदायिक अस्पतालमा उपचार भईरहेको छ । रोलर चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

# आगलागीबाट माइक्रोबस जलेर नष्ट

रुपन्देही । बुटवल उपमहानगरपालिका-११ जनजागरण पथस्थित सडक छेउमा रोकी राखेको लु.१ ख ७८३७ नम्बरको माइक्रोबसमा गएराति आगलागी हुँदा करिब १० लाख रुपैयाँ बराबरको धनमाल जलेर नष्ट भएको छ । अस्थायी प्रहरी चौकी देविनगरबाट खटिएको प्रहरीले स्थानीयको सहयोगमा आगलागी नियन्त्रणमा लिई यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको छ ।

# जबरजस्ती करणी गर्ने पक्राउ

रुपन्देही । ३८ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा सैनामैना नगरपालिका-२ उछीटिया बस्ने २६ वर्षीय छेत्र बहादुर थापालाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । सैनामैना नगरपालिका-२ स्थित सैनामैना सामुदायिक वनमा बाख्रा चाराउन गएकी ती महिलालाई जंगलमा च्याउ खोज्न गएका छेत्र बहादुरले जबरजस्ती करणी गरेको तथा सैनामैना नगरपालिका-२ सोरौली बस्ने २१ वर्षीय सन्तोष रानाले जबरजस्ती करणीको प्रयास गरेको भन्ने जानकारी प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय रन्यौराबाट खटिएको प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

